म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २०५ बिहीबार, २२ फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 6 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सडकको संरक्षण गरौ

☞ सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,

त्यसैले,

☞ सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं.

☞ निर्माण सामाग्री सडकमा नथुपारौं,

☞ सडकमा सवारी साधन धुने नगरौं,

☞ सडकका नालीमा अवरोध नगरौं,

☞ सवारी आवागमनमा बाधा नपुर्‍याऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# भारतबाट मासिक करोडको गाईको गोवर किन्दै नेपाल

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ नेपालले भारतबाट गाईको गोबर किन्न थालेको छ । पशुपालन गर्नेको संख्या घट्दै गएपछि भारतबाट गाईको गोवर आयात हुन थालेको हो ।

भारतले गाईको गोवर निर्यात गर्ने शीर्ष ५ देशमा नेपाल पनि परेको छ । नेपालले चालु आर्थिक वर्षको ७ महिनामा ३ लाख ६७ हजार ४ सय ६१ केजी गोबर आयात गरेको छ । यो परिमाण र कममा भने ७ करोड ८ लाख ४३ हजार बराबरको भएको बताइएको छ । भन्सार विभागका अनुसार नेपालमा 'एनिमल अर भेजिटेबल फर्टिलाइजर' शीर्षकमा गाइवस्तुको मलमुत्रबाट बनेको गोवरमल आयात हुने गरेको छ ।

कृषिप्रधान देशको रुपमा रहेको नेपालमा पशुपालन पनि मुख्य पेशाका रुपमा रहँदै आएको छ । तर, नेपालमा तथ्यांकले नै मासिक करोडौं रुपैयाँको गाइवस्तुको मल आयात भएको देखाउँछ । भारतले आर्थिक वर्ष २०२३/२४ मा ३८६ करोड भारतीय रुपैयाँ (६ अर्ब १७ करोड नेपाली रुपैयाँ) को गाईको गोबर अन्य देशमा निर्यात गरेको छ । यो तथ्यांक धेरैलाई अचम्म लाग्न पनि सक्छ । कृषि तथा



| | A | B | C | D | E | F |
|---|---|---|---|---|---|---|
| 1 | Table 5:Imports by Commodities : | | | Based on First Seven Months (Shrawan-Magh) of FY 2081/82 (Mid July 2 | | |
| 2 | | | | | (Import Value and Imports Revenue are in Rs. Thousan | |
| 3 | HSCode | Description | Unit | Quantity | Imports_Value | Imports_Revenue |
| 246 | 30059090 | Other wadding, gauze, bandage and similar articles for m | Kg | 300830 | 201127 | 17851 |
| 247 | 30061000 | Sterile surgical catgut, similar sterilesture materials (inclu | Kg | 8205 | 160925 | 29830 |
| 248 | 30063000 | Opacifying preparations for x-ray examinations; diagnosti | Kg | 109 | 1451 | 271 |
| 249 | 30064000 | Dental cements and other dental fillings; one reconstruct | Kg | 10372 | 70210 | 17043 |
| 250 | 30065000 | First-aid boxes and kits | Kg | 3218 | 4495 | 1186 |
| 251 | 30066000 | Chem contraceptive prepbased on hormones of other pr | Kg | 27773 | 233081 | 1 |
| 252 | 30067000 | Gel preparation designed to be used in human or veterin | Kg | 46090 | 9557 | 2134 |
| 253 | 30069100 | Appliances identifiable for ostomy use | Kg | 2226 | 9820 | 2387 |
| 254 | 30069300 | Placebos and blinded (or double-blinded) clinical trial kit | Kg | 122 | 1636 | 274 |
| 255 | 31010000 | Animal or vegetable fertilizers | Kg | 3067461 | 70843 | 5 |
| 256 | 31021010 | Diesel Exhaust Fluid | Kg | 65948 | 4637 | 233 |
| 257 | 31021091 | Technical grade Urea | Kg | 0 | 3 | 0 |
| 258 | 31021099 | Other Urea | Kg | 165933850 | 9598295 | 6 |
| 259 | 31022100 | Ammonium sulphate | Kg | 1969762 | 67223 | 1 |
| 260 | 31023000 | Ammonium nitrate . | Kg | 750015 | 108211 | 0 |
| 261 | 31025000 | Sodium nitrate | Kg | 1102 | 132 | 0 |

अर्गानिक उत्पादनको बढ्दो मागका कारण अन्तर्राष्ट्रिय बजारमा भारतीय गोवर मलको ठूलो माग रहेको छ ।

गोबर किन्ने शीर्ष ५ देशमा माल्दिभ्स, अमेरिका, सिंगापुर, चीन र नेपाल रहेका छन् । यी देशमा भारतीय गाईको गोबर जैविकखेती, खाद्यउत्पादन, कागज उत्पादन र ऊर्जा स्रोतमा प्रयोग गरिने बताइएको छ । गाईको गोबर अर्गानिक खेतीका लागि उत्तम खाद्य मानिन्छ । यसबाट बायोग्यास उत्पादन गरिन्छ, जसले हरितऊर्जा उत्पादनमा मद्दत गर्दछ । धेरै देशमा गाईको गोबरबाट बनेको कागज, मैनबत्ती र सजावटका वस्तु लोकप्रिय छन् ।

गोवर निर्यातले भारतलाई आर्थिकरुपमा मात्र फाइदा पुऱ्याएको छैन, पशुमा आधारित अर्थतन्त्रलाई पनि बलियो बनाएको भारतीय अर्थबिद्ले बताएका छन् । गोबर किसानको आम्दानीको नयाँ स्रोत पनि बनेको छ । आगामी वर्षमा गोबर निर्यात अझ बढ्ने भारतका सरकारी अधिकारीले बताएका छन् । भारतीय गोवर प्याकेजिङ गरी नेपालमा बिक्री भइरहेको बताइएको छ ।

पूर्वीय संस्कारमा गाईको गौमूत्र, गोबर सबै पवित्र मानेर प्रयोग गरिने भएकोले गाउँघरमा सबैतिर गाईपालन गरिन्थ्यो । मृत्यु संस्कार सम्पन्न भइसकेपछि चोखिनका लागि घरमा गौमूत्र छर्कने चलन छ ।

पूजाआजामा पनि गौमूत्रको प्रयोग हुन्छ । गौमूत्रमा औषधीय गुण हुन्छ भन्ने मान्यता रहेको छ । अहिले अर्गानिक खेतीबालीमा प्राकृतिक कीटनासकको रुपमा गौमूत्रको उपयोग गर्न थालिएको छ । केहीवर्ष अघिसम्म मकवानपुरको सीमभञ्ज्याङमा छाडा छोडिएको गाईको गौमूत्र औषधिको रुपमा सेवन गर्नका लागि दीर्घरोगीहरु आउने गरेका थिए ।

ग्रामीणक्षेत्रमा घर लिपपोत गर्नका लागि गाईको गोबर प्रयोग गरिन्छ । गोबरले लिपपोत गरेपछि घर पवित्र र सफा हुन्छ भन्ने मान्यता छ । गोबरमा पकाएको खानेकुरा स्वस्थ्यकर मानिने भएकोले नेपालका तराइक्षेत्रमा अझै पनि गुइठा बालेर खानेकुरा पकाइन्छ । गोबरमा पर्याप्त मात्रामा खनिज तत्व हुनुका साथै यसमा फोस्फोरस, नाइट्रोजन, चुना, पोटाश, म्याग्नेसियम, आइरन, सिलिकन, एल्म्युनियमको मात्रा पाइन्छ ।

गोबरमा अधिक मात्रामा खनिज रहेको हुदाँ यसले माटोलाई उर्बरा बनाउने कृषिबिज्ञहरु बताउँछन् । गोबरले स्वास्थ्यसम्बन्धी विभिन्न फाइदा गर्ने मान्यता छ । हातखुट्टा वा शरीरको कुनै अङ्ग जलेमा जलेको भागमा गोबर लगाउनाले जलन कम हुन्छ । मलेरिया, डेंगु वा सामान्य ज्वरो आएमा गाईको गोबरलाई गुईठा बनाएर सुघ्नाले पनि लाभ मिल्ने बताइन्छ । गाइको गोवरको महत्व धेरै भएपनि सहरीया समाजमा गाइपालन शुन्य भएको छ । गोवर र गौमूत्र भारतबाट आयात गर्न थालिएको छ ।

# सबै निकायमा महिला सहभागिता हुनुपर्छः उपसभामुख चापागाई



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/१ सय १५ औं अन्तराष्ट्रिय नारी दिवसका अवसरमा समावेशी महिला नेतृत्व: अवसर र चुनौती विषयक अन्तर क्रिया कार्यक्रम बुधबार सम्पन्न भएको छ ।

बागमती प्रदेशसभा उपसभामुख अप्सरा चापागाईंको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा उपसभामुख चापागाईंले राज्यका सबै निकायमा महिला सहभागिता हुनुपर्नेमा जोड दिइन् । संविधान र कानूनमा उल्लेख भए बमोजिम कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकालगायत सबै क्षेत्रमा महिलाको न्यायोचित समावेशीकरण हुनुपर्ने उनको भनाई छ । उपसभामुख चापागाईंले पुरुषले भन्दा महिलाले जिम्मेवार र जवाफदेही भएर कार्य सम्पादन गर्ने धारणा राखिन् ।

अधिकारको कुरा गर्दै गर्दा महिलाले आफ्नो जिम्मेवारीलाई कुशलतापूर्वक पूरा गरिरहेको उनको भनाई छ । कतिपय अधिकार कानुनी जटिलताको कारण पनि प्राप्त हुन नसकेको उनले बताइन् । उपसभामुख चापागाईंले विगतका दिनको भन्दा अहिले महिलाको अवस्थामा परिवर्तन आएको बताउँदै राजनीतिक र प्रशासनिक क्षेत्रमा महिलाको उपस्थिति बढ्दो रहेको उल्लेख गरिन् ।

नेपालका ७ प्रदेशमा ३ सय १६ महिला सांसदले भूमिका निर्वाह गरिरहेको उनको भनाई छ । यद्यपी महिला सांसदलाई संकुचित दृष्टिकोणमा हेर्ने गरेको गुनासो भने आउने बताइन् ।

राष्ट्रिय अपाङ्ग महासंघ बागमति प्रदेश र गैरसरकारी संस्था मकवानपुरको संयुक्त आयोजनामा भएको कार्यक्रममा अधिवक्ता अप्सरा बस्नेतले समावेशी महिला नेतृत्व अवसर र चूनौती विषययक कार्यपत्र प्रस्तुत गरेकी थिइन् । कार्यपत्रमाथि जिल्ला समन्वय अधिकारी शान्ति विश्वकर्मा, मानवअधिकार आयोग बागमती प्रदेशप्रमुख पवन भट्ट, हेटौंडा उपमहानगरपालिका महिला, बालकालिका तथा समावेशीकरण महाशाखाप्रमुख विष्णुकुमारी लामिछानेलगायतले धारणा राखेका थिए । गैसस मकवानपुरकी अध्यक्ष रमिला सापकोटाको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# विश्वप्रकाश शर्मा मनहरीमा आउने

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा मकवानपुरको मनहरी आउने भएका छन् । नेपाली कांग्रेस मनहरी गाउँपालिका समितिको आयोजनामा हुने क्रियाशील तथा अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा सम्बोधन गर्न फागुन २२ गते बिहीबार महामन्त्री शर्मा मनहरी आउने भएका हुन् ।

मनहरी गाउँपालिका अगुवा तथा क्रियाशील कार्यकर्ता प्रशिक्षणका साथै पार्टीको वर्तमान गतिविधिका बारेमा छलफल हुने कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेशसभापति ईन्द्रबहादुर बानियाँको विशिष्ट आतिथ्यता रहने कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलाले जानकारी दिए । कार्यक्रमका बीच मनहरीका कांग्रेस अगुवा नेतालाई सम्मान गर्ने कार्यक्रम पनि रहेको बर्तौलाले बताए । क्रियाशील भेलामा कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि तथा पार्टीका नेतृत्वले गरिरहेका कामकारबाहीबारे पनि समीक्षा हुने बताइएको छ ।

# आफ्नै छोराको हत्या अभियोगमा भ्लोन दम्पती पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-३ सिस्नेरीस्थित अदुवाबारीका ६४ वर्षका मीनबहादुर भ्लोन उनका पत्नी ६३ वर्षीया देवीमाया भ्लोनलाई आफ्नै जेठो छोराको हत्या आरोपमा मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरी निगरानीमा उपचार भइरहेका उनीहरुलाई आज बुधबार जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा ल्याइएको हो । मकवानपुर प्रहरी हिरासतमा राखेर भ्लोन दम्पतीमाथि अनुसन्धान थालिने जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रवक्ता प्रहरीनायव उपरीक्षक (डीएसपी) श्यामु अर्यालले जानकारी दिए ।

उनीहरुमाथि आफ्नै ३१ वर्षीय छोरा भरतकुमार भ्लोनलाई कुटपिट गरी हत्या गरेको आरोप लागेको छ । पारिवारिक बिवादमा कुटाकुट हुँदा तीनैजना घाइते भएका थिए । जसमध्ये भरतकुमारको अवस्था गम्भीर थियो । उनको उपचारको क्रममा शनिबार भरतपुर अस्पतालमा मृत्यु भएको थियो । हत्या आरोप खेपेका भ्लोनदम्पतीको भक्तपुर अस्पतालमा लगिएको थियो ।

भक्तपुर प्रहरीको निगरानीमा रहेर उपचार गराएका उनीहरुलाई बुधबार मकवानपुर ल्याइएको हो । 'कुटपिटकै कारण मृत्यु भएको भन्ने आरोप छ । छानबीन गरेर ज्यानसम्बन्धी कसुरमा मुद्दा चल्छ,' प्रहरीप्रवक्ता अर्यालले भने, 'पहिला हामी उहाँहरुको स्वाथ्यस्थिति हेर्छौं । त्यसपछि मात्रै अनुसन्धानको प्रक्रिया अघि बढ्छ ।'

कुटपिटमा मीनबहादुर र देवीमाया पनि घाइते भएका थिए । भरतकुमार र बाबु-आमाबीच सम्पती भागवण्डाको विषयमा प्राय: घरझगडा पर्दै आएको प्रहरीले जनाएको छ । झगडा भएको थाहा पाएपछि छिमेकीहरुले इलाका प्रहरी कार्यालय, सिस्नेरीलाई खबर गरेका थिए । प्रहरी पुग्दा भरतकुमार अचेत अवस्थामा थिए भने भ्लोन दम्पती पनि घाइते अवस्थामा भेटिएपछि प्रहरीकै गाडीमा राखेर उनीहरु तीनैजनालाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको थियो ।

गत शुक्रबार साँझ भ्लोन दम्पती र छोरा भरतकुमार बीच झगडा भएको थियो । घर झगडा हुँदा बाबु-आमाले कुटपिट गर्दा भरतकुमारको टाउको फुटेको र मस्तिष्कमा रगत जमेको भरतको शनिबार मृत्यु भएको थियो ।

# हेटौंडा एकेडेमीले फागुन २३ गते वार्षिकोत्सव मनाउने




साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा एकेडेमीले विद्यालयको २६ औं वार्षिकोत्सव तथा अभिभावक दिवस विविध कार्यक्रम गरी मनाउने भएको छ ।

बुधबार विद्यालय परिसरमा पत्रकार सम्मेलनको आयोजना गर्दै अभिभावक दिवसको तयारीका बारेमा जानकारी गराइएको हो । शिक्षासँगसँगै खेलकुद भन्ने नाराका साथ विविध खेलकुद गतिविधि गर्दै आएको एकेडेमीले फागुन २३ गते शुक्रबार अभिभावक दिवस मनाउन लागेको हो ।

बागमति विश्वविद्यालयका अध्यक्ष प्राध्यापक डा.चन्द्रमणि पौडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीले जानकारी दिएका छन् । कार्यक्रममा एलआरआई स्कुलका संस्थापक प्राचार्य शिवराम पन्त, चितवन मेडिकल कलेज भरतपुरका अध्यक्ष एवम् प्रबन्धनिर्देशक प्राध्यापक डाक्टर हरिशचन्द्र न्यौपाने र विद्यालयका परिकल्पनाकार बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेललगायतको समेत उपस्थिति रहने अध्यक्ष सुमार्गीले बताए ।

अभिभावक दिवसका दिन विद्यार्थीबाट बृहत् साँस्कृतिक प्रदर्शनी, विज्ञान तथा प्रवधि प्रदर्शनी, हस्तकला प्रदर्शनी, चित्रकला प्रदर्शनी, पुस्तक मेलाका साथै खेलकुद सामग्रीको प्रदर्शनी एवम् खाना महोत्सव समेत हुनेछ । एकेडेमीमा नेपाल फुटबल संघ एन्फा एकेडेमी, राष्ट्रिय सेवादल र नेपाल स्काउटका कार्यक्रम सञ्चालन हुँदै आएको छ । विद्यालयमा हाल ७ सय २ जना जना विद्यार्थी अध्ययन गर्दै आइरहेका छन् ।

# अब पुरोहितको पनि लाइसेन्स

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ पुराण वाचक, ज्योतिषी कर्म गर्ने र कर्मकाण्ड गर्ने ब्राह्मणको परीक्षा लिएर अनुमतिपत्र दिने तयारी सुरु भएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा अनुमतिपत्रका लागि प्रशिक्षण लिनेको भीड लागेको छ ।

प्रशिक्षण लिन चाहनेको भीड लागेपछि यही महिनाको अन्तिमदेखि छ महिने कार्यक्रम सुरु गर्न लागिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । ज्योतिष र कर्मकाण्ड प्रशिक्षण लिन चाहनेहरु समितिमा आएर सोधपुछ गर्न थालेपछि सूचना निकालेर यही महिनाको अन्तिमदेखि प्रशिक्षण दिन लागिएको हो । समितिमा आफैं खोजी गर्दै २० जना प्रशिक्षार्थी आएको समितिले जनाएको छ ।

कथावाचक, ज्योतिषी र कर्मकाण्ड गर्ने पुरोहितलाई नियमन गर्न, करको दायरामा ल्याउन पनि अनुमतिपत्र लिनुपत्र उपयुक्त हुने भनी तयारी भइरहेको समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीले बताए ।

नेपालमा कर्मकाण्ड गर्ने पुरोहितलाई सरकारले करको दायरामा ल्याउन सकेको थिएन । अब भने करको दायरामा ल्याउनका लागि सरकारले तयारी गरिरहेको छ ।

प्रशिक्षण लिन चाहनेमध्ये महिला र अपाङ्गलाई छुटको व्यवस्था गर्न लागिएको उनले सुनाए । ज्योतिष प्रशिक्षण लिन भने जनजाति र दलित पनि आउने गरेको समितिले जनाएको छ । कर्मकाण्ड प्रशिक्षणमा भने महिलाको पनि रुचि हुने गरेको छ ।

६ महिने प्रशिक्षणको १५ हजार रुपैयाँ शुल्क तोकिएको कार्यकारी निर्देशक ढुङ्गेलले बताए । यसमा थप परीक्षा शुल्क पनि लिइने बताइएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर

☞ वायरिङ मर्मत

☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने

☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# अल्लोको कपडा उत्पादन

पछिल्लो समय कपडा उत्पादन गर्न कपास नै चाहिन्छ भन्ने मान्यतामा परिवर्तन आएको छ । गाँजाको बोट, अल्लो, केराको सुप्ला आदिबाट बनाइएका कपडाको माग उच्च रहेको छ । करिव एकदसक अघिदेखि मकवानपुरको थाहा नगरका महिला स्वरोजगार बन्ने उद्देश्यले अल्लोको कपडा बनाउन थालेका छन् । वनमा जताजतै उपलब्ध हुने अल्लोको पाटबाट कपडा बुन्ने यहाँका स्थानीय महिलाले वार्षिक कार्यतालिका बनाएर काम गरिरहेका हुन् । तरकारीको मौसम सकिएपछि महिला वनमा गएर अल्लो ल्याउने, लोक्ता निकाल्ने र लोक्ताबाट धागो बनाएर कपडा बुन्न व्यस्त हुने गरेका छन् । अहिले यहाँका महिला अन्य जिल्लामा अल्लोको लोक्ता निकाल्न र धागोसहित कपडा बुन्न सिकाउन जान थालेका छन् । लामो समयसम्म अल्लोको कपडा बनाउने तालिम लिएर काम गर्दै आएका थाहानगरका महिलाले केही वर्ष अगाडि दामन महिला अल्लो ह्याण्डीक्राफ्ट उद्योग दर्ता गरेर समूहमा काम गर्न सुरु गरेका छन् । तरकारीखेतीका लागि पकेटक्षेत्र मानिने थाहानगरका महिलाले जग्गा हुनेका लागि खेतीपाती राम्रो भएपनि जग्गा नहुने वा थोरै हुनेका लागि आम्दानीको स्रोत खोज्न मुश्किल परेको भन्दै व्यावसायिकरुपमा अल्लोको कपडा उत्पादन सुरु गरेको जानकारी दिएका छन् । महिलाले आफ्नो सबै ऊर्जा अल्लोको कपडा उत्पादनमा लगाउने कोसिसमा रहेको जनाउँदै सुरुवाती दिनमा निकै संघर्ष गर्नुपरेको अनुभव सुनाएका छन् ।

वनमा पाइने सिस्नो जस्तै देखिने अल्लोको पाटबाट कपडा बनाएर बेच्ने सपना देखेँसँगै यसको तालिम लिएको उनीहरुले बताएका छन् । स्थानीय सरकारको साथ र सहयोग प्राप्त भएमा स्थानीय अल्लोलाई एउटा उचाइमा लैजाने योजना उनीहरुको छ । सिस्नो स्वास्थ्यका लागि फाइदा हुने कुरा प्राय:सबैलाई थाहा छ तर, सिस्नोबाट कपडा बनाएर लगाउँदा पनि फाइदा हुन्छ भन्ने धेरैलाई थाहा नहुनसक्छ । वनमा छ्याप्पछ्याप्ती पाइने सिस्नो प्रजातिको अल्लोबाट कपडा बनाउने व्यावसाय सुरु गरेका थाहानगरका महिलाले लुगामात्र होइन यसबाट मोजा, जुत्ता, झोला, कोटसमेत बनाउन थालेका छन् । स्वरोजगारका लागि समूहमा बसेर अल्लोको कपडा उत्पादनमा लागेको उनीहरुले बताएका छन् । महिलाको समूह यतिबेला यसक्षेत्रको जंगलमा पाइने अल्लो टिप्न, चुट्न, पाट बनाउन अनि कपडा बुन्न व्यस्त छ । वर्षमा तीन महिना खेतीपाती र बाँकी समय कपडा बुन्नमा खर्चिने उनीहरुको भनाइ छ । तीन किलो धागोको १० देखि १२ मिटरसम्म तयारी कपडा बनाउन सकिन्छ । बढ्दो बजारको मागसँगै यसको उत्पादन पुऱ्याउन अझ बढी मेहनत गर्नुपर्ने उनीहरुको भनाइ छ । अहिले मागबमोजिमको उत्पादनका लागि जनशक्ति कम रहेको बताइन्छ । कपडा बनाउन जति सजिलो छ धागो कात्न कठिन छ, अल्लोबाट धागो बनाउन जंगलबाट काँचो लाथ्रा ल्याउनुपर्छ । पाट निकालेपछि सुकाएर ठूलो फलामे कराइमा पकाउने र त्यसपछि फेरि कमेरो माटोमा चोपेर सुकेको पाट खोलामा लगेर दोहोऱ्याएर चुट्नुपर्ने उनीहरुले जानकारी दिए ।

धागोको कच्चापदार्थ तयार गरेपछि त्यसलाई चर्खाको सहायताले धागो निकालिन्छ । विसं २०६६ देखि उद्योग दर्ता गरेर समूहमा आवद्ध भएका महिलाले सञ्चालन गर्दै आएको यो उद्योग हाल स्थानीय सरकार र ग्रिन फाउण्डेशन नेपाल नामक संस्थाको सहकार्यमा उद्यम विकास स्तरोन्नति भइरहेको छ । उद्योगमा उत्पादन बढाउनका लागि थप तालिम र भौतिक सहयोग गर्ने योजना नगरपालिकाले बनाएको छ । करिब १५ वर्ष अगाडिसम्म वनमा जतातत‍ै पाइने अल्लोबाट कपडा बन्ला भनेरे कसैले पनि सोचेका थिएनन् । ऋषेश्वर सामुदायिक वनको सक्रियतामा समूहका महिलाले अल्लोबाट कपडा बुन्ने सीप पाएका हुन् । अल्लोको कपडा उत्पादनले थाहाका स्थानीय महिला स्वरोजगार बन्नुका साथै आम्दानी पनि बढाइरहेका छन् । औद्योगिक व्यापार मेला, पर्यटकीयक्षेत्रका पसल तथा स्थानीय क्षेत्रमा अल्लोको कपडाको राम्रो बजार छ । स्थानीय क्षेत्रमा पनि यसको माग बढ्दो छ । महिलाले अल्लोको धागो कात्ने, कपडा बुन्ने, 'मनिपर्स' बनाउने, महिला तथा पुरुषले बोक्ने झोला, स्टकोटलगायत सामग्री सिलाउँछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २३ गते शुक्रबार ७ मार्च २०२५ । अष्ठमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२४, सूर्यास्त ६:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामको उचित प्रतिफल पाइनेछ | तुला | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| वृष | : धन आर्जन हुनेछ | वृश्चिक | : अधुरा योजना पूरा हुने देखिन्छ |
| मिथुन | : काम बन्नाले उत्साह जाग्नेछ | धनु | : भाग्योदयको समय रहनेछ |
| कर्कट | : दोहोरो लाभ मिल्नेछ | मकर | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| सिंह | : श्रमबाट प्रशस्त लाभ हुनेछ | कुम्भ | : काममा उत्साह बढ्नेछ |
| कन्या | : पारिवारिक समस्या आउनसक्छ | मीन | : प्रेमको बन्धन कसिनेछ |

# राजस्व छलीविरुद्ध कठोर कदम अत्यावश्यक



✍सागर पण्डित

राजस्व छली रोक्न मुलुकमा विभिन्न सरकारी निकायहरु कार्यरत छन् । ती सरकारी निकायहरुबीच प्रभावकारी समन्वय नहुँदा राजस्व छली गर्नेहरु उम्कँदै आइरहेका छन् । पछिल्लो दिनमा राजस्व अनुसन्धान विभागले राजस्व छली गर्नेहरुविरुद्धको छानबिनलाई कडाइ गर्दै मुद्दा दायर गर्ने क्रमलाई बढाएको छ । यो सकारात्मक छ तर विभागले अझै छानबिनलाई सशक्त बनाउँदै राजस्व छली गर्नेहरुलाई कानुनी दायरामा ल्याउने क्रमलाई बढाउनुपर्छ ।

यसका साथसाथै आन्तरिक राजस्व विभाग, भन्सार विभाग, सम्पत्ति सुद्धीकरण अनुसन्धान विभागलगायतले पनि आ-आफ्नो जिम्मेवारीअनुसारको काम प्रभावकारीरुपमा गर्नुपर्छ । यी निकायहरुले अहिले सोचेअनुसार काम गर्न सकिरहेका छैनन् । यस्ता निकायको नेतृत्वमा रहनेहरुलाई सरकारले छिटो-छिटो सरुवा गर्नुहुँदैन । यस्ता संवेदनशील निकायहरुलाई अस्थिर बनाउँदा राजस्व छली गर्नेहरुलाई आफ्नो धन्दा सञ्चालन गर्न सहज हुने गर्छ । त्यसैले सरकारले ती निकायमा पठाउने महानिर्देशकलाई कम्तीमा पनि डेढ वर्ष काम गर्न दिनुपर्छ । स्थिर बनाएर परिणाम निकाल्न सक्नुपर्छ । अहिले सम्बन्धित यी निकायहरुबीच जुन रुपमा समन्वय हुनुपर्थ्यो त्यो रुपमा हुन सकिरहेको छैन । भन्सार विभागले राजस्व छली रोक्न विशेष पहलकदमी लिनुपर्छ ।

आन्तरिक राजस्व विभागले राजस्व छली गर्नेहरुलाई पहिचान गरी जरिबाना असुलउपर गराउन सक्नुपर्छ भने राजस्व अनुसन्धान विभागले छली गर्नेहरुविरुद्धको मुद्दा दायर गर्ने क्रमलाई अझै उच्च बनाउन सक्नुपर्छ । आन्तरिक राजस्व विभागले केही समयअघि मात्रै ११ अर्बभन्दा बढी राजस्व छली गर्नेहरुलाई जरिबाना गराएको थियो तर त्यसरी जरिबाना गरिएकाहरुबाट असुलउपर गराउने कार्यमा विभागले आक्रामक कदम चाल्न सकेको छैन ।

विभागले थप राजस्व छली गर्ने अन्यलाई जरिबाना पनि गराउन सकेको छैन । त्यसैले भन्सार विभाग र आन्तरिक राजस्व विभागले पछिल्ला दिनमा प्रभावकारी काम गर्न नसकेको हो कि जस्तो देखिन्छ । यसमा अर्थ मन्त्रालयको नेतृत्वले विशेष पहलकदमी लिएर दुवै विभागलाई अत्यन्तै सक्रिय र परिणाममुखी बनाउन सक्नुपर्छ । सरकारकै विभिन्न अध्ययनले भन्छ, 'मुलुकमा राजस्व छली रोक्न सक्ने हो भने राजस्व उठ्ने दरमा झन्डै ७० प्रतिशतभन्दा बढीले वृद्धि हुन सक्छ । यसो भएको खण्डमा सरकारले बजेट बनाउँदा कुनै प्रकारको ऋण लिनुपर्ने अवस्था रहँदैन ।

यदि हाम्रो वार्षिक बजेट बराबरको रकम राजस्वबाट उठाउन सकियो भने मुलुकले छिट्टै प्रगति र समृद्धि हासिल गर्न सक्छ । यो विषयमा गम्भीर भएर सोच्नुपर्ने समय आइसकेको छ । सरकारलाई बुझाउनुपर्ने राजस्व कम बुझाउने वा नबुझाउने नियतले ट्याक्स प्लानिङ गर्ने, राजस्व नबुझाउने वा कम बुझाउने हिसाबले कागजात पेस गर्ने/गराउने कामलाई नै राजस्व चुहावट भनिन्छ ।

कुनै पनि कम्पनी वा फर्मले राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा, गलत लेखा विवरण पेस गरी वा नगरी राजस्व नतिरेमा वा घटी तिरेमा, मालवस्तु निकासी पैठारी गर्दा भन्सार कार्यालयमा राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा, राजस्व दाखिला गर्नुपर्ने कार्यालयको कर्मचारीको काममा बाधा गरेमा, कर्मचारीलाई अनुचित प्रभावमा पारी तिर्नुपर्ने राजस्व कम तिर्ने कार्य पनि राजस्व चुहावटको कसुरको रुपमा लिन सकिन्छ ।

दु:खका साथ भन्नुपर्ने हुन्छ, राजस्व चुहावट रोक्नका लागि प्रधानमन्त्रीले पटक-पटक छलफल गरी निर्देशन दिनुहुन्छ । यसै गरी अर्थमन्त्रीले पनि राजस्व छली रोक्न विभिन्न खाले छलफल गरी दर्जनौंपटक निर्देशन दिँदै आउनुभएको छ । छलफलमा राजस्व छली रोक्ने भूमिकामा रहेका निकायका प्रमुख तथा सुरक्षा निकायका पदाधिकारीहरु रहेका हुन्छन् । तर पनि राजस्व छली रोकिनुको साटो दिनानुदिन बढ्न पुग्नुले नेतृत्वमा रहनेहरुको निर्देशन हावादारी देखिने गरेको छ ।

आफ्नै निर्देशनलाई कार्यान्वयन गराउने विषय उनीहरुको उच्च प्राथमिकतामा पर्न नसक्नुलाई पनि आश्चर्यको रुपमा हेर्न सकिन्छ । राजस्व वृद्धि गर्ने संवेदनशील निकायमा रहने प्रशासनिक नेतृत्वले किन सोचेअनुसार राजस्व वृद्धि गराउन सकेन र छली गर्नेहरुलाई किन कारबाहीको दायरामा ल्याउन सकेन त ? भन्ने विषयमा पनि अब ठण्डा दिमागले सोच्नुपर्छ । राजस्व चुहावट गरी राजस्व ठगी गर्नेहरु राष्ट्रिय अपराधी हुन् । यस्ता अपराधीहरुलाई कुनै पनि बहानामा छुट दिनुहुँदैन । विगतमा नीतिगतरुपमा नै भ्रष्टाचार गर्नेहरुका कारण मुलुक खोक्रो बनेको हो ।

राजस्व ठगीजस्तो भ्रष्टाचारको मुख्य कारक तत्वका रुपमा राजस्व उठाउने र नियन्त्रण गर्ने भूमिकामा रहेका सरकारी कार्यालयहरु र त्यहाँ कार्यरत कर्मचारीहरुसमेत छन् । राजस्व कार्यालय तथा भन्सार कार्यालयमा काम गर्ने कर्मचारीहरु इमानदार र पारदर्शी मात्रै बन्न सके भने पनि धेरै हदसम्म राजस्व उठ्ने क्रममा वृद्धि आउने निश्चित छ । तर कर्मचारीहरुले व्यक्तिगत स्वार्थ र आर्थिक लाभमा ध्यान दिँदा उनीहरुबाट बदमासी हुने क्रम बढ्दै गइरहेको छ ।

आन्तरिक राजस्व कार्यालय, भन्सार कार्यालयलगायतका कर्मचारीहरुको व्यापारीहरुसँगको अघोषित सम्बन्धका कारण पनि अनियमितता हुने क्रम बढिरहेको छ । राजस्व चुहावट अन्य विभिन्न कारणले पनि भइरहेको पाइन्छ । राजस्व चुहावटका अन्य कारणहरुमा आर्थिक लाभ, व्यापारिक लाभ, व्यापारिक प्रतियोगीको दबाब, छोटो समयमै धनी हुने चाहना, कानुनको अपहेलहना, अनियन्त्रित आर्थिक कारोबार, खुला सिमाना, तथ्याङ्क प्रशोधनको अभाव लगायत छन् ।

राजस्व चुहावट गर्नेले विभिन्न रणनीतिहरु अपनाउने गरेका छन् । जसअनुसार न्यून बीजकीकरण, झुटा अनुमतिपत्रबाट निकासी पैठारी, वस्तुको गलत घोषणा, ठाडो तस्करी, कागजात नक्कली बनाएर, नक्कली वस्तु आयात निर्याताबाट, करमुक्त वस्तु बजारमा बेचेर पनि राजस्व चुहावट हुने गरेको छ ।

राजस्व चुहावटका क्षेत्रहरुमा अन्तशुल्कतर्फ भौतिक नियन्त्रणमा सुस्तता, उपभोक्ता मूल्य र कारखाना मूल्यमा अन्तर, स्थानीय कच्चा पदार्थको प्रयोगको अभिलेख नहुनु, नक्कली स्टिकर प्रयोगलगायत छन् । यसै गरी राजस्व चुहावटका क्षेत्रहरुमा आयकरतर्फ स्वयं कर निर्धारण प्रभावकारी नहुनु, अनुसन्धान पक्ष कमजोर हुनु, साना करदाताका नाममा ठूला करदातालाई संरक्षण, बिक्री अंक लुकाउने अभ्यास तथा समयमा कर लेखापरीक्षण नहुनुलगायत छन् । हामीकहाँ राजस्व चुहावट नियन्त्रणसम्बन्धी धेरै प्रकारका कानुनी व्यवस्थाहरुसमेत छन् । तर सरकारी निकायहरु ती कानुनी व्यवस्थाहरु पूर्णरुपमा लागू गर्न असफल हुँदै आइरहेका छन् । सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरु आफैं पनि ती कानुनहरु कार्यान्वयन गराउन उदासीन देखिने गरेका छन् ।

सरकारले यदि साँच्चै नै राजस्व छलीको प्रवृत्तिलाई रोक्ने हो भने राजस्व र भन्सारअन्तर्गतका सबै कार्यालयमा इमानदार र स्वच्छ छवि भएका कर्मचारीहरुलाई पठाउनुपर्छ । कुनै कर्मचारीले कसैसँग सेटिङ गरेको थाहा पाउनासाथ त्यस्ता कर्मचारीलाई तत्काल त्यहाँबाट हटाएर कारबाही गरिहाल्नुपर्छ । वर्तमान सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अख्तियार गरे पनि राजस्व उठाउने निकायका रुपमा रहेका कार्यालयहरुमा सुशासन कायम हुन सकेको छैन । अहिले पनि पुरानै नेक्ससका कर्मचारीहरुले विभिन्न सेटिङका अधारमा अनियमितता गरिरहेका छन् ।

त्यसैले सबैभन्दा पहिला राजस्व कार्यालय र भन्सार कार्यालयमा वर्षौंदेखि झेलिँदै आएको सेटिङको जालो तोड्नुपर्छ । अर्थ मन्त्रालयले यसको नेतृत्व गर्नुपर्छ । ती निकायमा कार्यरत कर्मचारीको विगत हेर्ने हो भने धेरैको छवि राम्रो छैन । त्यस्ता निकायमा पठाउने कर्मचारीहरुको बारेमा विस्तृत अध्ययन गरी उनीहरुको पारिवारिक पृष्ठभूमि, निजामती क्षेत्रमा प्रवेश गरेपछि उनीहरुले गरेका कार्यसम्पादन शैली र प्रवृत्तिका बारेमा गहन अध्ययन गर्न जरुरी छ । यसरी अध्ययन गर्दा जो कर्मचारी तुलनात्मकरुपमा इमानदार र कर्तव्यनिष्ट देखिन्छ उसैलाई नै विशेष जिम्मेवारी दिनुपर्छ । ताकि उनीहरुले भ्रष्ट चरित्रका व्यापारीहरुसँग कुनै पनि प्रकारले सम्बन्ध राख्न मन नगरुन् ।

अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थ मन्त्रालयले संयुक्तरुपमा तथा छुटाछुटैरुपमा राजस्व उठाउने कार्यालयहरुमाथि विशेष अनुगमन गर्नुपर्छ । विशेष खालको अनुगमन संयन्त्र बनाएर गोप्य अनुगमन गर्नुपर्छ । त्यति मात्रै नभएर अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रलगायतका निकायले पनि त्यस्ता कार्यालयमा हुने अनियमितता खोज्न विशेष तदारुकता अपनाउन सक्नुपर्छ ।

त्यसैले अब यदि साँच्चै नै राजस्व चुहावटलाई रोक्ने र राजस्वको रकमलाई बढाउने हो भने त्यस क्षेत्रमा गरिने अनुसन्धान प्रक्रिया वैज्ञानिक बनाउन सक्नुपर्छ । साथै सूचना संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ भने नियन्त्रण र सन्तुलनलाई समेत सशक्त बनाउन सक्नुपर्छ । कसरी हुन्छ राजस्व बढी उठाउने र त्यस क्षेत्रमा हुने सबै खाले बदमासी र अनियमितता रोक्न सरोकारवाला निकाय प्रतिबद्ध भएर लाग्नु अहिलेको अहं आवश्यकता हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# ब्रिटेनले विशेष सम्बन्धमा पुनर्विचार गर्नुपर्छ

✍क्रिस प्याटेन

**बेलायती नीतिनिर्माताहरूले आफ्ना अमेरिकी साझेदारहरूलाई सम्झाउनु आवश्यक छ - कुनै पनि राष्ट्र- 'सुपरपावर' नै भए पनि ठूला प्रतिद्वन्द्वी शक्तिहरूलाई केन्द्रित गरेर सुरक्षित हुन सक्दैन । इतिहासले देखाएको छ- ठूला युद्धहरू प्राय: साना राष्ट्रबाट सुरु भएका छन् ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वमा सात दशकभन्दा बढी तेस्रो विश्वयुद्ध रोक्न मद्दत गरेका बहुपक्षीय संस्थाहरू, संगठनहरू, र सम्झौताहरूको सञ्जाललाई नियोजितरूपमा ध्वस्त पारिरहेका छन् । तर, धेरै सरकारहरू भने उनका कार्यहरूलाई खासै महत्त्व नदिने वा त्यस्तो केही नभएको बताउँदै र देखाउने प्रयास गर्दैछन् । नराम्रै भए पनि, ह्वाइट हाउसमा रहेको खतरा सामना गर्नु विकल्प नै नभएको जिकिर गर्दैछन् । ट्रम्पको कोपभाजन हुनुपर्ने डरले उनीहरू असहमति सावधानीपूर्वक लुकाउन खोजिरहेका देखिन्छन् ।

संयुक्त अधिराज्य बेलायतको राजनीतिक संस्थापनका लागि बेलायत र अमेरिकाबीचको 'विशेष सम्बन्ध' जोगाउनुपर्ने आवश्यकता यसको लागि सजिलो बहाना बनेको छ । ह्वाइट हाउस बैठकपछि, बेलायतका प्रधानमन्त्री किएर स्टार्मर र ट्रम्प दुवैले यही 'विशेष सम्बन्ध' कायम राख्ने प्रतिबद्धता दोहोऱ्याएका छन् । तत्कालीन प्रधानमन्त्री विन्स्टन चर्चिलले मिसौरीको फुल्टनमा सन् १९४६ मा एउटा ऐतिहासिक भाषण दिएका थिए । चर्चित भाषणमा उनले "एउटा फलामे पर्दा युरोपभर फैलिएको छ" भन्ने चेतावनी दिएका थिए । यसपछि यो रणनीतिक साझेदारी बेलायतको परराष्ट्र र सुरक्षा नीतिको प्रमुख अंश रहँदै आएको छ । विश्वयुद्धपछिको इतिहासमै सबैभन्दा प्रभावशाली उक्त भाषणमा चर्चिलले दाबी गरेका थिए - "अंग्रेजी भाषीहरूबीच भ्रातृ सम्बन्ध स्थापित नहोउन्जेल युद्धको सुनिश्चित रोकथाम वा विश्व संगठनको निरन्तरता हासिल गर्न सकिँदैन' । त्यसका लागि, "ब्रिटिस साम्राज्य र राष्ट्रमण्डल तथा अमेरिकाबीचको विशेष सम्बन्ध' अत्यावश्यक थियो।

स्वाभाविक रूपमा, यो सम्बन्ध अमेरिकाभन्दा बेलायतका लागि बढी महत्त्वपूर्ण रहँदै आएको छ । यो सम्बन्ध बेलायतको परमाणु प्रतिरोध क्षमता, विस्तारित गुप्तचर साझेदारी, सैन्य सहकार्य र विश्वव्यापी खतराहरूप्रति साझा दृष्टिकोणमा आधारित रह्यो । धेरैका लागि जसमा म पनि पर्छु यसमा गहिरो स्नेह, कृतज्ञता र सम्मान पनि रहेको छ ।

मेरो राजनीतिक जीवन अमेरिकासँगको प्रारम्भिक सम्पर्कबाट प्रभावित छ जसले मलाई अमेरिका प्रेमी बनायो । यही कारणले गर्दा अमेरिकी प्रशासन अमेरिकाले लामो समयदेखि प्रवर्द्धन गरेका मूल्यहरूबाट यति टाढा पुगेको देख्दा मलाई असाध्यै दु:ख लागेको छ । चर्चिलको "आयरन कर्टेन'' भाषणपछि अमेरिका-बेलायत सम्बन्धलाई पश्चिमी उदारवादी व्यवस्थाको केन्द्रविन्दु मानिएको छ । यसको निर्विवाद नेतृत्वकर्ताका रूपमा अमेरिकाले खुला समाजहरूको लागि एएटा उदाहरण प्रस्तुत गर्दै आएको थियो ।

चर्चिलको दृष्टिकोण लोकतान्त्रिक शासन, कानुनी शासन, न्यायपालिका, स्वतन्त्रता, र अत्याचार तथा अल्पतन्त्रको प्रतिरोधमा आधारित थियो । उनले राजनीतिक सभ्यताको महत्त्वलाई स्वीकारे, गरिब र उत्पीडितहरूको उद्धारलाई नैतिक कर्तव्य ठाने र अन्तर्राष्ट्रिय संस्थाहरू तथा गठबन्धनहरूद्वारा विश्व शान्ति तथा आत्मनिर्णयको रक्षा गर्नुपर्ने तर्क दिएका थिए । त्यस्तै, उनले महामन्दी जस्ता संकटहरू रोक्न मद्दत गर्न संरक्षणवाद अस्वीकार गर्दै बलियो आर्थिक साझेदारीलाई आवश्यक ठाने ।

हुनत, ट्रम्प पनि कहिलेकाहीँ परम्परागत अमेरिकी नीतिहरूको अनुकरण गर्छन् तर कुनै पनि अमेरिकी राष्ट्रपतिले यति धेरै अमेरिकी मूल्यहरू र हितलाई जोखिममा पारेका थिएनन् । अघिल्ला राष्ट्रपतिहरूले कहिल्यै झुटा आरोपको आधारमा अमेरिकी लोकतान्त्रिक संस्थाहरूलाई आक्रमण गर्न उक्साएका थिएनन् । न त जनवरी ६, २०२१ मा जस्तो अमेरिकी क्यापिटल हलमा हमला गर्नेहरूलाई क्षमा दिएका थिए। यस्तै, रिचार्ड निक्सनबाहेक, कुनै पनि अमेरिकी राष्ट्रपतिले व्यक्तिगत प्रतिशोध लिन राष्ट्रपतिको कुर्सीको प्रयोग गरेका थिएनन् । कुनै पनि राष्ट्रपतिले एलन मस्कजस्ता अर्बपतिलाई संघीय कर्मचारीहरू हटाउने र अमेरिकाको विदेश सहायता कार्यक्रम ध्वस्त पार्ने छुट दिएका थिएनन् । साथै, ट्रम्पले जस्तै व्यापक व्यापारिक स्वार्थको जालोमा पनि उनीहरू फसेका थिएनन् ।

पछिल्ला ७० वर्षमा कुनै पनि अमेरिकी राष्ट्रपतिले युक्रेन रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई बुझाउने कुरा सोच्ने पनि थिएनन् । तेस्रो देशलाई आफ्नो प्राकृतिक स्रोत अमेरिकालाई सुम्पन बाध्य पार्ने माग गर्ने त कल्पना पनि गर्न सकिँदैन । यस्तो परिस्थितिमा प्रधानमन्त्री स्टार्मरले आफैँलाई सोध्नुपर्छ- के बेलायत र ट्रम्पको अमेरिकाबीच अझै पनि समान मूल्यहरू बाँकी छन् ? बेलायतले कम्तीमा ट्रम्पका हानिकारक नीतिहरूमा सहअपराधी बन्नु हुँदैन । यसको अर्थ अमेरिकाप्रति शत्रुतापूर्ण बन्नुपर्छ भन्ने होइन तर ट्रम्पका प्रत्येक मागहरूमा झुक्दा त बेलायतको अपमान हुनेछ ।

यस जोखिमलाई न्यून गर्न बेलायती नीतिनिर्माताहरूले चार महत्त्वपूर्ण कदमहरू चाल्नुपर्छ । पहिलो, युक्रेनको समर्थनमा बेलायतले आफ्नो विश्वसनीयता कायम राख्नुपर्छ र रुसी आक्रमणको सामना गर्न रक्षा खर्च बढाउनुपर्छ । यसको योजना त स्टार्मरले पहिल्यै बनाइसकेका छन् । साथै, नाटो सम्बद्ध युरोपेली संघका सदस्य राष्ट्रहरूसँग मिलेर युरोपेली पुन:सशस्त्रीकरण बैंक स्थापना गर्नुपर्छ ।

दोस्रो, ब्रेक्जिटले बेलायतलाई युक्रेनको युरोपेली संघमा प्रवेशको नेतृत्व गर्न रोक्छ तर बेलायतले युक्रेनले प्राप्त गर्ने कुनै पनि आर्थिक वा व्यापारिक लाभ दोहोऱ्याउने प्रयास गर्नुपर्छ। नीति निर्माताहरूले १९३० को दशकबाट सिक्नुपर्छ- दमनकारी शासकहरूसँग जति सम्झौता गरिन्छ उनीहरूलाई उति नै थप शक्ति प्राप्त हुन्छ ।

तेस्रो, बेलायती नीतिनिर्माताहरूले आफ्ना अमेरिकी साझेदारहरूलाई सम्झाउनु आवश्यक छ - कुनै पनि राष्ट्र - 'सुपरपावर' नै भए पनि ठूला प्रतिद्वन्द्वी शक्तिहरूलाई केन्द्रित गरेर सुरक्षित हुन सक्दैन । इतिहासले देखाएको छ- ठूला युद्धहरू प्राय: साना राष्ट्रबाट सुरु भएका छन् । उदाहरणका लागि प्रथम विश्वयुद्धअघि सर्बिया, द्वितीय विश्वयुद्धअघि चेकोस्लोभाकिया र पोल्यान्ड र १९३० को दशकमा मंचुरिया । मार्क ट्वेनले ठीकै भनेका थिए- "अमेरिकीहरूले भूगोल सिक्न सकुन् भनेर नै भगवानले युद्ध सिर्जना गरेका थिए ।''

चौथो, अमेरिकाले आफ्नो 'सफ्ट पावर' को महत्त्व पुन: सम्झन सकोस् । सैन्य शक्तिले वास्तविक समर्थन उत्पन्न गर्दैन । कुनै राष्ट्रले धम्कीको माध्यमबाट आफ्नो प्रभुत्व कायम राख्न खोज्छ भने त्यसका दीर्घकालीन परिणाम महँगो पर्न सक्छ । एकजना क्यानाडाली मित्रले भनेका थिए- उनको उच्चारणलाई अमेरिकी उच्चारण ठानिएला भन्ने डर लाग्छ र उनी एउटा यस्तो ब्याच खोज्दै थिए जसमा लेखिएको होस्- "मलाई दोष नदिनुस् म क्यानाडाबाट आएको हूँ ।'' म अझै पनि अमेरिकाको इतिहास, संस्कृति, र मूल्यहरूको प्रशंसा गर्छु तर ट्रम्प सत्तामा रहँदा मेरो उच्चारण फरक भएकोमा खुसी लाग्छ ।

*(साभार: बाह्रखरी)*

# पोल्टाकै गुमाएका प्रकाशमानको नजर सभापतितर्फ

काठमाडौं /नेपाली कांग्रेसमा सभापतिबाहेक प्रकाशमान सिंह पुग्न बाँकी कुनै पद छैन । सरकारमा दोस्रो बरियतामा रहेका सिंहले पार्टीको उपसभापति तथा महामन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन् । विगतमा प्राप्त पदीय भूमिकाको बलमा सिंहले यसले यस पटक पार्टीको सर्वोच्च पदमा पुग्ने आकांक्षा दोहोऱ्याएका छन् । उनी १४औं महाधिवेशनमा सभापति उठेर पराजित भएका थिए ।



आइतबार सुर्खेतमा पत्रकारलाई प्रतिक्रिया दिँदै उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्रीसमेत रहेका सिंहले पार्टी सभापति पदमा उठ्ने आसय व्यक्त गरे । पारिवारिक बिरासत र विगतको भूमिकाले सभापति दाबी गर्नु स्वभाविक रहेको उनको तर्क थियो । सिंह निकट बागमती प्रदेश सांसद कञ्चनचन्द्र वादे सभापतिको उम्मेवार बन्नकै लागि सिंहबाट यस्तो अभिव्यक्ति आएको बताउँछन् । 'उहाँ सभापति र प्रधानमन्त्री हुन बाँकी हो । सभापतिमा उठ्नकै लागि भन्नुभएको हो,' वादेले संचारकर्मीसँग भने ।

कांग्रेसका संस्थापक नेता गणेशमान सिंहका छोरा प्रकाशमान सिंह विद्यार्थी राजनीतिबाट मूल पार्टीमा प्रवेश गरेका हुन् । १०औं महाधिवेशनअघि उनी काठमाडौं कांग्रेसका सभापति थिए । १०औं महाधिवेशन नजिक तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले १६ जिल्ला समिति भंग गर्दा काठमाडौंबाट सिंहलाई पनि हटाएका थिए । काठमाडौंको सभापति भएसँगै राजधानीको आन्तरिक पार्टी संरचनामा हावी भएका सिंह कांग्रेसको पहिलो निर्वाचित महामन्त्री समेत हुन् ।

**गुमाए उपत्यकाको शक्ति**

काठमाडौं सभापतिको जगमा उपत्यकाको संगठनमा एकाधिकार जमाएका सिंहको शक्ति अघिल्लो महाधिवेशनसम्म कायमै थियो । यही शक्तिको बलमा १४औं महाधिवशेनमा सभापति उठेका सिंहले ३७१ मत प्राप्त गरे अनि दोस्रो चरणको मतदानमा सभापतिमा शेरबहादुर देउवालाई सघाए ।

सिंहका 'बलियो खम्बा'का रुपमा नेता/कार्यकर्ताले अहिले साथ छोडिसकेको काठमाडौंका कांग्रेस नेताहरु बताउँछन् । महाधिवेशनअघि अधिकांश समय सिंहसँगै जिल्ला भ्रमणमा निस्कने काठमाडौंका सभापति सबुज बानियाँ पनि उनीबाट टाढिएको उनीहरुको दाबी छ । जिल्ला तहका एक नेता भन्छन्, 'काठमाडौंमा कांग्रेसको संरचना प्रकाशमान दाइको पहुँचबाट बाहिर गइसक्यो । अहिले उपत्यकामा गगनजी हावी हुँदै गएको देखिन्छ ।'

तर, कांग्रेस बागमती प्रदेशका महामन्त्री वादे पार्टीमा आफू अनुकूलको हल्ला गर्नेहरुले बानियाँले सिंहको साथ छोडे भनेर हल्ला फिजाएको बताउँछन् । लामो समयसम्म सिंहको स्वकीय सचिव रहेका श्रीराम लामिछाने पनि महामन्त्री गगन थापाको पक्षमा खुलेर लागेका छन् । काठमाडौं-४ का बासिन्दा लामिछानेले अघिल्लो महाधिवेशनसम्म सिंहलाई साथ दिएका थिए ।

सिंहले आफ्नै क्षेत्र अन्तर्गतको प्रदेश सभामा प्रतिस्पर्धा गरेका सुरजचन्द्र लामिछानेलाई समेत आफूसँग राख्न सकेनन् । काठमाडौं-१ प्रदेशतर्फ (ख) मा जितेका लामिछाने हाल महामन्त्री थापा नजिक छन् । लामिछाने थापाकै बलमा बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री बनेका छन् ।

यस्तै केन्द्रीय सदस्य प्रतिमा गौतम पनि महामन्त्री थापाको पक्षमा खुलेर लागेकी छन् । 'पार्टी र काठमाडौंको राजनीतिमा गगन लामो रेसमा रहेको सबैले बुझिसके,' जिल्ला तहका नेता भन्छन्, 'र जनीतिक भविष्य हेर्दै अब समात्नुपर्ने गगन भएको बुझेर उनैलाई साथ दिनेहरु बढिरहेका छन् ।'

जिल्ला सभापति बानियाँले सिंहको साथ छोडेपछि जिल्ला र प्रदेश तहका कतिपय नेताहरु कतातिर लाग्नेमा 'पर्ख र हेर'को अवस्थामा पुगेका छन् । सिंहलाई साथ दिँदै आएका काठमाडौं-२ गोविन्द पुडासैनी, काठमाडौं-३ का छिरिङ दोर्जे लामा, काठमाडौं-५ का रमेश खड्का लगायत अहिले कतातिर लाग्नेमा 'पर्ख र हेर'को अवस्थामा रहेको जिल्ला तहका नेताहरु दाबी गर्छन् ।

काठमाडौं-७ मा प्रकाशमानका लागि बलियो पिलर महानगर वडा नम्बर १६ का अध्यक्ष मुकुन्द रिजाल थिए । रिजालको मृत्यु भइसकेको छ । कांग्रेसका दिवंगत नेता नवीन्द्रराज जोशीकी पत्नी सपना राजभण्डारी पनि महामन्त्री थापाको पक्षमा सक्रिय भएकी छन् । प्रकाशमानलाई दरिलो साथ दिइरहेका नागार्जुन नगर पालिकाका मेयर मोहन बस्नेतमाथि भ्रष्टाचारमा मुद्दा चलेपछि सिंहका लागि अर्को क्षति पुगेको छ ।

यस्तै केन्द्रीय सदस्य एवं काठमाडौं-१० का सांसद राजन केसीले २०७८ मा प्रकाशमान सभापतिमा उठ्दा हरसम्भव सहयोग गरेका थिए । तर अहिले उनी सबैलाई सन्तुलनमा राख्ने पक्षमा देखिएका छन् । महानगरका कांग्रेस सभापति निलकाजी शाक्य प्रकाशमानलाई दिँदै आएको साथबाट अरुतिर ढल्किन लागेको चर्चा पार्टी भित्र छ । 'महानगरमा मेयरको टिकट उनलाई नदिएर प्रकाशमानले आफ्नै श्रीमतीलाई दिएदेखि नै निलकाजी असन्तुष्ट थिए,' महानगर समितिका एक पदाधिकारी भन्छन् ।

बागमती प्रदेशका महामन्त्री वादे भने काठमाडौंको पार्टी संरचनामा सिंह कमजोर नभएको दाबी गर्छन् । 'पार्टीमा स्पेस नपाएपछि केही मान्छेहरु यताउति हुनु ठूलो करा भएन । सबै साथीहरु तितरबितर भएजस्तो कसैलाई लागेको हुनसक्छ,' वादेले संचारकर्मीसँग भने, 'अब दुई महिनापछि धेरै सिनहरु क्लियर हुन्छ । सबै मिल्छ ।' पहिले सिंहको साथमा रहेका पार्टीका जिल्ला सभापति अहिले कोही पनि उनीसँग देखिँदैनन् । एक समय काठमाडौंका सभापति बानियाँ, चितवनका सभापति जीतनारायण श्रेष्ठ, पाल्पाका सभापति हिमाल श्रेष्ठ, सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह लगायत सिंहको साथमा थिए ।

पार्टी संरचनामा सिंहलाई साथ दिनेको संख्या घट्दो छ । भ्रातृ संस्थामा समेत उनी निकटको संख्या न्यून छ । एक समय आफू पक्षधर लाई नेविसंघको महामन्त्री बनाएका थिए । नेविसंघको ७५२ जनाको केन्द्रीय समितिमा सिंह पक्षका दर्जन हारहारी मात्र रहेको विद्यार्थी नेताहरु बताउँछन् । अन्य भ्रातृ संस्थामा सिंह निकट भनेर परिचितहरु नगण्य रहेको भ्रातृ संस्थाका नेताहरुको दाबी छ । बागमती प्रदेश सभा सदस्यमा सिंह पक्षधर पाँच बढी सांसद रहेको उनी पक्षीय नेताहरुको दाबी छ ।

**भीमसेनदास नजिकिए**

पूर्वमन्त्री भीमसेनदास प्रधान भने प्रकाशमानसँग नजिकिएका छन् । काठमाडौं-६ का पूर्व सांसद प्रधान सिंहसँग नजिकिँदा जिल्ला सभापति बानियाँलाई उनीसँग टाढिन बल पुगेको छ । प्रधानका कारण बानियाँ काठमाडौं-६ मा टिकटबाट वञ्चित हुँदै आएका छन् । कृष्णप्रसाद सिटौलाको पक्षमा रहेका प्रधानलाई भित्र्याए पनि पार्टी संरचनामा बल थप्न भने सकेका छैनन् । 'प्रकाशमानसँग भीमसेनदास व्यक्ति मात्रै गए । पूर्वसमूहका नेता/कार्यकर्ता लान सकेनन्,' काठमाडौ-६ का एक नेताले सुनाए ।

**उपप्रधानमन्त्रीको बलमा शक्तिको अभ्यास**

सभापति शेरबहादुर देउवाले पार्टीको तर्फबाट सरकारको नेतृत्व गर्न सिंहलाई पठाएका छन् । उनी मन्त्रिपरिषद्मा दोस्रो वरियतामा छन् । उपप्रधानसहित सहरी विकास मन्त्री बनेका सिंहले पदको आडमा शक्ति बढाउने प्रयास त गरेका छन् । तर आफ्नै विश्वासपात्रलाई फर्काउन भने सकेका छैनन् ।

मन्त्री भइसकेपछि उनले विभिन्न जिल्ला पुगेर आफू पनि पार्टीमा एउटा शक्ति रहेको सन्देश दिने प्रयत्न गरे पनि पुरानै हैसियत भने कायम राख्न नसकेको कांग्रेस नेताहरु बताउँछन् । एक पूर्वपदाधिकारीले सुनाए, 'बाहिर जिल्लामा घुम्दै गर्दा पहिले आफ्नो पोल्टाको त जोगाउन पऱ्यो नि । भुईंको टिप्न खोज्ने तर पोल्टाकै जोगिएको छैन ।' सिंह संगठनमा कमजोर हुँदै जानुमा पार्टी नेताहरु मूलत: तीन विषयलाई आधार मान्छन् । पहिलो, महाधिवेशनमा अपेक्षाकृत मत पाउन नसक्नु । दोस्रो, काठमाडौंको मेयरमा श्रीमतीलाई अघि सार्नु । र, तेस्रो, टिकट वितरणमा प्रभावी हुन नसक्नु ।

'झापाका कृष्ण सिटौलाले काठमाडौं-६ मा भीमसेनदासलाई टिकट दिलाउन सके । दुईपटक काठमाडौं सभापति बनेका सबुजलाई प्रकाशमानले उम्मेदवार बनाउन सकेनन्,' कांग्रेसका एक केन्द्रीय सदस्यले भने ।

२ फागुनमा सभापति देउवालाई भेट्न जाने ११ जना नेताहरुमा सिंह पनि थिए । एकले अर्कोलाई विश्वास गर्ने अवस्थामा नरहेका उनीहरुले सिंहलाई उम्मेदवार बनाउन अन्यले छोड्ने अवस्था नरहेको कांग्रेस नेताहरु बताउँछन् । 'प्रकाशमानको क्षमता १४औं महाधिवेशनमा सबैले देखिसके । उनलाई सभापतिको उम्मेदवारमा समर्थन गर्न कृष्ण सिटौला तयार छैनन्,' शीर्ष तहका एक नेताले भने । प्रकाशमानलाई डा. शशांक कोइरालाले समेत समर्थन नगर्ने कारण समेत ती नेताले खुलाए ।

*(स्रोत:अनलाइनखबर)*

# 'जनै हराएको बाहुन'मा भित्रिए केकी र मिरुना, विजयको जोडी को ?





काठमाडौं /हिमाल न्यौपानेको निर्देशनमा बन्न लागेको फिल्म 'जनै हराएको बाहुन'मा कलाकारको लाइनअप रोचक बनिरहेको छ । कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी' फेम्ड अभिनेता विजय बरालको मुख्य भूमिका रहने फिल्ममा अब दुई अभिनेत्रीको प्रवेश भएको छ । उनीहरु हुन्, केकी अधिकारी र मिरुना मगर । फिल्मका निर्माताले गत सोमबार दुवै अभिनेत्रीसँग लिखित सम्झौता गरेका हुन् ।

प्राप्त जानकारी अनुसार फिल्ममा विजयको जोडी बनेर केकी देखिनेछिन् । यसअघि उनीहरुले फिल्म 'हुर्रे'मा सहकार्य गरेका थिए । 'जनै हराएको बाहुन'मा मनिष राउत, गौरव पहाडी र रियर राईको पनि अभिनय रहनेछ । बैशाखअघि नै छायांकनको तयारी गरिएको फिल्मलाई आगामी हरि तालिका तीज अर्थात् भदौ १० गते रिलिज गर्ने लक्ष्य राखिएको छ ।

भानुभक्त ढकालको कथा, पटकथा तथा संवाद रहेको फिल्मले गाउँबाट आफ्नो सपना पूरा गर्न सहर पुगेको एक पात्रले भोग्नुपरेको अनपेक्षित परिस्थिति र त्यसले उसको जीवनमा ल्याएको परिवर्तनलाई केन्द्रमा राख्नेछ । फिल्मको निर्मातामा सिआर बस्नेत, कमल न्यौपाने, आर.के. मानन्धर, विमल न्यौपाने, फिलिप डिसी र निशान्त श्रेष्ठ छन् ।

केही हप्ताअघि फिल्मको थिम भिडियो सार्वजनिक गर्दै कथावस्तुबारे प्रकाश पारिएको थियो । जसमा गाउँका दुई साथीमध्ये एकले गाउँ छाडेर सहर हिँड्ने बेलामा साथीसँग गरेको बिदाइको संवाद छ ।

पेपरक्लिप प्रालिको ब्यानरमा बन्न लागेको फिल्मलाई नवीन गुरुङले छायांकन गर्नेछन् । यसमा एसोसिएट निर्देशक अभिनेता मनिष राउत र क्रियटिभ निर्देशक सम्राट महर्जन (ज्याक) छन् ।

# सोलो रिलिज हुँदै 'होस्टेल ३', कति पायो शो ?

काठमाडौं/'स्टार' जन्माउने फ्रेन्चाइजको रुपमा चिनिएको 'होस्टेल'को तेस्रो श्रृंखला यही शुक्रबारबाट प्रदर्शनमा आउने तयारीमा छ । 'टिकटक स्टार'देखि 'स्टार किड्स'सम्मको अभिनय रहेको फिल्मलाई एकल रिलिजको दुर्लभ अवसर मिलेको छ । शुक्रबार रिलिजमा दुई हलिउड फिल्म भए पनि नेपालीतर्फ 'होस्टेल ३' एक्लै लाग्दैछ । यसैले देशभरका मल्टीप्लेक्सहरूमा फिल्मले राम्रो शो पाएको छ ।



नेपालको सबैभन्दा ठूलो मल्टीलेक्स चेन क्यूएफएक्सले फिल्मलाई देशभरको १६ वटा हलमा गरी ६७ शो दिएको छ । त्यस्तै, दोस्रो ठूलो चेन आईएनआईले चार आउटलेटमा गरेर १६ शो र वान् सिनेमाजले दुई आउटलेटमा ९ शो दिएको छ । काठमाडौं उपत्यका र उपत्यकाबाहिरका हलहरूमा गरी फिल्मले पहिलो दिनका लागि डेढ सय शो पाएको देखिन्छ । यो शो संख्या उत्साहजनक हो ।

'होस्टेल'का अघिल्ला दुई श्रृंखलाले घरेलु बक्स अफिसमा राम्रो व्यापार गरेका थिए । त्यसले गर्दा पनि प्रदर्शकहरूले 'होस्टेल ३'लाई शो दिन कञ्जुसाइँ नगरेको देखिन्छ । दर्शकले चिनेका कलाकार, ट्रेलरले बनाएको हाइप र 'टिक टिक टिक' गीतको लोकप्रियता पनि फिल्मले राम्रो शो पाउनुको एउटा आधार हुनसक्छ । अब उपलब्ध शोलाई अकुपेन्सीमा बदल्नुपर्ने चुनौती फिल्मलाई रहनेछ ।

सशान कँडेलको निर्देशनमा बनेको फिल्ममा पारस बम (कुल ब्वाय), रिहान गिरि, आशिष घिमिरे, पदम तामाङ, सिम्रन पन्त, हेना नगर कोटी, समा पराजुली, उमर खान, सन्तोष बानियाँ, रोहन श्रेष्ठ लगायतको अभिनय छ । फिल्ममा निर्देशक कँडेल स्वयंको कथा र माधव शर्माको पटकथा तथा संवाद छ । होस्टेलमा बसेर पढ्ने विद्यार्थीहरूको रमाइलो र संघर्षको कथामा फिल्म आधारित छ ।

# हत्कडी र खुट्टामा चेनले बाँधेर अमेरिकाबाट फर्काइएका थिए ८ नेपाली

काठमाडौं/अमेरिकाबाट डिपोर्ट भएका ८ जना नेपाली नागरिकलाई हत्कडी लगाएर काठमाडौं ल्याएको खुलेको छ । काठमाडौं ओर्लिएपछि नेपाली अधिकारीहरूले गरेको सोधपुछका क्रममा उनीहरूले आफूहरूलाई हत्कडी लगाएर ल्याएको बताएका हुन् ।

'अमेरिकाबाट आउँदा हत्कडीसँगै हामीलाई खुट्टामा समेत चेनले बाँधिएको थियो, ट्रान्जिटपछि भने खुट्टाको चेन खोलिदिएको थियो', डिपोर्ट भएर फर्किएका एक नेपालीले भनेका छन्, 'त्यसबेला हामीलाई बसेको ठाउँबाट हल्लिन पनि दिएको थिएन, वासरुम प्रयोग गर्न पनि कयौं पटक अनुरोध गर्नुपऱ्यो ।'

अध्यागमन विभागका अनुसार, अमेरिकामा डोनाल्ड ट्रम्प ४७ औं राष्ट्रपतिमा निर्वाचित भएयता ३५ जना नेपाली नागरिक निष्कासित भइसकेका छन् । तीमध्ये पाँच जना महिला हुन् । सबै जना नियमित उडानमार्फत आएका थिए । 'आजै मात्र कमर्सियल फ्लाइटमार्फत अर्को एक नेपाली पनि आएका छन्', विभागका एक अधिकारीले भने, 'उनले चाहिँ आफैं स्वदेश फर्किन्छु भनेकाले सामान्य रूपमा फर्काइएको थियो ।'

अधिकृतहरूका अनुसार, हिरासतमा रहेका बेला उनीहरूलाई आफैं स्वदेश फर्किने कि कानून अनुसार प्रतिवाद गर्ने भनेर सोधिएको थियो । जतिले कानून अनुसार प्रतिवाद गर्ने भने उनीहरूलाई हत्कडी र चेनले बाँधेर पठाएको पाइएको ती अधिकृतले बताए । ग्रिफान एयरको चार्टर विमानमार्फत ८ जना नेपाली बिहान १० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएका थिए । त्यसपछि अध्यागमन विभागले उनीहरूलाई थप अनुसन्धानका लागि प्रहरीको मानवबेचबिखन अनुसन्धान ब्यूरोमा बुझाएको थियो ।

ब्यूरोले अमेरिकाबाट फर्काइएका नेपालीहरूसँग अहिले बयान लिइरहेको छ । त्यसक्रममा उनीहरूलाई कस्तो अवस्थामा फर्काइएको थियो भनेर समेत सोधिएको छ । स्रोतका अनुसार, उनीहरूलाई एकदमै अफठ्यारो परिस्थितिमा स्वदेश आइपुगेका बताएका छन् । 'त्यो अवधिमा हामीलाई राम्रोसँग खाना खान पनि दिइएन', डिपोर्टमा परेका एक जनाले प्रहरीसँग भनेका छन्, 'कहिले काहीं क्रु मेम्बरले फलफूल दिन्थे, तर त्यो पनि सकभर हत्कडी त्यतिकै राखेर खान दबाब दिन्थे ।'

प्रहरीका अनुसार, उनीहरूलाई राज्यसँग कुनै गुनासो छ भनेर समेत सोधिएको थियो । त्यसक्रममा उनीहरूले अमेरिका वा आफ्नो देशसँग कुनै गुनासो नभएको बताएको एक अधिकृतले बताए । 'बरु उनीहरूले डोनाल्ड ट्रम्पको कार्यकाल सकिएपछि फेरि अमेरिका जाने भनेका छन्', ती अधिकृतले भने ।

प्रहरीका अनुसार, ८ जना करिब ६ महिना अगाडि मात्रै अवैध बाटोबाट अमेरिका पुगेका थिए । प्रहरीका अनुसार, उनीहरू बिचौलियालाई ५० देखि ९० लाख रुपैयाँसम्म बुझाएर मध्यपूर्वी मुलुक, युरोप, दक्षिण अमेरिका हुँदै उत्तरी अमेरिका पुगेका थिए ।

'जंगल, खोला, समुद्र हुँदै महिनौं लामो यात्रा गरेर उनीहरू अमेरिका पुगेका थिए', सोधपुछमा संलग्न एक अधिकृतले भने, 'तर, त्यहाँ पुगेलगत्तै समातिएका रहेछन् ।' प्रहरीसँग उनीहरूले स्वदेशमा रोजगारीको अवसर नभएकाले अमेरिका जानु परेको जिकिर गरेका छन् ।

'गाउँबाट अरु पनि थुप्रै त्यसै गरी अमेरिका पुगेका छन्, डिपोर्टमा परेका कतिलाई एजेन्टले फेरि लगिदिएका छन्', एक युवाले भनेका छन्, 'त्यसैले हामी पनि गएका थियौं, भाग्य बलियो नहुँदा फर्किनु पऱ्यो ।' प्रहरीले उनीहरूसँग सोधपुछ मार्फत अमेरिका पठाउने भन्दै असुली गर्ने मानव तस्करीको ऱ्याकेटसम्म पुग्ने विश्वास लिएको थियो ।

तर, उनीहरू आफूहरूलाई पठाउने व्यक्तिबारे बताउन तयार देखिएका छैनन् । बरु अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकाल सकिएपछि फेरि जाने बताएको स्रोतको भनाइ छ । ब्यूरोका एक अधिकृतका अनुसार, अमेरिकाबाट फर्काइएकामध्ये एक जना डोटी जिल्लाका हुन् भने अरु दाङ र रुकुमका हुन् । फर्काइएकाहरू ४७, ३७, ४२, २९, २२, २४, २३ र ३५ वर्षका छन् ।

# पूजाको ६ महिने 'ब्रेक'



काठमाडौं/चर्चा र विवादको पर्याय मानिएकी अभिनेत्री पूजा शर्माको फिल्मी करिअर २०७९ सालयता सुखद छैन । ३ वर्षमा 'सम्झना बिर्सना', 'सम्हालिन्छ कहिले मन', 'उपहार', 'दान्भी' र 'रावायण' गरी उनका ५ वटा फिल्म फ्लप भए । 'रावायण' उनी आफैंले निर्माण गरेको फिल्म थियो । यसबाट उनले ठूलो घाटा बेहोर्नुपऱ्यो । फिल्मको श्रृंखलाबद्ध असफलताले यतिबेला उनी संकटको अवस्थामा छिन् ।

'रावायण'पछि उनले फिल्म गरेकी छैनन् । जसले गर्दा उनलाई फिल्म नै अफर हुन छाडेको चर्चा भैरहेको छ । सोमबार नयाँ 'इभी' गाडी खरिद गरेपछि मिडियासँगको कुराकानीमा उनले फिल्मबाट अफर नभएको भन्ने चर्चाको खण्डन गरिन् । आफूले ६ महिना विश्राम लिने योजना अनुरूप नै 'रावायण'पछि फिल्म नगरेको उनको भनाइ छ । बैशाखपछि भने फिल्ममा फर्किने उनले बताइन् ।

उनले भनिन्, 'मैले फिल्म नपाएको भन्ने चर्चा पनि सुनिरहेको छु । मैले 'रावायण'कै बेला ६ महिना 'होलिडे' लिन्छु भनेर भनेको थिएँ । किनकि, मेरो लगातार फिल्महरु आइरहेको थियो । त्यसैले ६ महिना 'ब्रेक' लिने योजना बनाएको थिएँ । त्योबेला कतिजना स्क्रिप्ट लिएर आउनुहुन्थ्यो । तर, मेरो मन फिल्मतिर नै थिएन । किनकि, मलाई आराम चाहिएको थियो । अब बैशाखदेखि फिल्म गर्नेछु ।'

पूजाले बैशाखसम्म आफ्नो साढे सातको दशा रहेको पनि बताएकी छन् । भन्छिन्, 'अहिले मेरो साढे सातको दशा चलिरहेको रहेछ । बैशाखदेखि त्यो दशा सकिन्छ । त्यसपछि म राम्रोसँग आफ्नो 'ट्र्याक'मा हिँड्छु ।' आगामी वर्ष लगातार २/३ वटा फिल्ममा काम गर्ने तयारी भइरहेको उनको भनाइ छ । त्यसमध्ये एउटा फिल्म पूजाले अभिनेत्री रेखा थापासँग गर्नेछिन्, जुन एक्सन प्रधान हुनेछ ।

# 'श्री बुकुरो'को दोस्रो टिजर: घर र आमाको कथा

काठमाडौं/सुदीप भुपाल सिंहले सात वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'श्री बुकुरो : द होम कलिङ'को प्रदर्शन मिति घोषणा बिनै बुधबार दोस्रो टिजर सार्वजनिक गरिएको छ । डेढ मिनेट लम्बाइको टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । अभिनेत्री लक्ष्मी गिरीले गम्भीर भावमा वाचन गरेको कविताको अंशबाट सुरु भएको टिजरमा एउटा परिवारको कथालाई प्रस्तुत गरिएको छ ।



फिल्ममा आमाको भूमिकामा अभिनय गरेकी लक्ष्मीले टिजरमा भनेकी छन्, 'यो आमाको कथा हो । बाँकी आँसुको कथा हो । बाँकी हाँसोको कथा हो । बाँकी सपनाको कथा हो । बाँकी सम्झनाको कथा हो । बाँकी मायाको कथा हो । घरको कथा हो ।' यसबाट के प्रष्ट हुन्छ भने फिल्मले एउटा घर र आमालाई केन्द्रमा राखेर कथा भनेको छ ।

फिल्म रेञ्जको ब्यानरमा रुबी सेन सिंहको निर्माण रहेको फिल्ममा लक्ष्मीसँगै आशीर्वाद क्षेत्री, निकिता आचार्य, रोशनी कार्की, राजन इशान, प्रतिकराज आचार्य, दीपिका थापा, लय संग्रौला, मोहन निरौला, रामबाबु रेग्मी, रश्मी भट्ट, उत्तम केसी, गीता थापा, सपना श्रेष्ठ, आशिका शाही, दीपक कार्की लगायतको अभिनय छ ।

फिल्ममा निर्देशक सिंह स्वयंको लेखन छ भने सञ्जय लामा र राजेश श्रेष्ठको छायांकन छ । फिल्मको मकवानपुर, मुस्ताङ, बाग्लुङ, कास्की, दमौली र काठमाडौंमा छायांकन गरिएको हो । रञ्जीत गजमेर र बसन्त सापकोटाले फिल्मको गीतमा संगीत दिएका छन् । पोस्ट प्रोडक्सनको अन्तिम चरणमा रहेको 'श्री बुकुरो'को केही दिनमा प्रदर्शन मिति घोषणा गरिने निर्देशक सिंहले जानकारी दिए ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# २ महिनादेखि दाल-गेडागुडीको भाउ ओरालो, किलोमै ५० सम्म घट्यो



काठमाडौं, २१ फागुन/ पछिल्लो पटक दैनिक उपभोग्य खाद्य सामग्रीको भाउ घट्न थालेका खबरले उपभोक्तामा खुसी सञ्चार भइरहेको छ । पछिल्लो चार महिनायता नेपालीको भान्सामा अनिवार्य रहेको चामलको भाउ निरन्तर ओरालो लागेको खबर सार्वजनिक हुँदा जसरी उपभोक्ता खुसी छन्, त्यसैगरी खुसी बनाउने अर्को खबर आएको छ ।

नेपालीको भान्सामा धेरै खपत हुने खाद्यवस्तुमा पर्छ दाल तथा गेडागुडी । हो, दाल तथा गेडागुडीको भाउ पनि घटिरहेको छ । तर, अहिले भर्खरैदेखि होइन, पछिल्लो दुई महिनायता भाउ घटिरहेको सम्बद्ध व्यवसायी बताउँछन् । खुद्रा व्यापारीहरूको छाता संगठन नेपाल खुद्रा व्यापार संघका महासचिव अमुलकाजी तुलाधरले दाल तथा गेडागुडीको भाउ घटिरहेको जानकारी दिए ।

'दाल तथा गेडागुडीको भाउ दुई महिनायता निरन्तर घटिरहेको छ,' तुलाधरले संचारकर्मीसँग भने, 'यो पनि उपभोक्ताका लागि खुसीको खबर हो ।' बजारमा रहर दालको भाउ घटेको खुद्रा व्यापार संघले उपलब्ध गराएको तथ्यांकले देखाउँछ । खुद्रा व्यापार संघले हेरक महिना महिना पहिलो दिन र १५औं दिनमा खाद्यवस्तुको उपभोक्ता खुद्रा मूल्य सार्वजनिक गर्ने गर्छ ।

संघका अनुसार फागसन महिनामा १५ दिनअघिको तुलनामा रहर दाल अहिले किलोमा १० रुपैयाँ घटेको छ । १ फागुनमा किलोको १ सय ६० रुपैयाँ रहेको रहर दाल १५ फागुनमा १ सय ५० मा झरेको छ । संघका अनुसार मासको दालमा ५ रुपैयाँ घटेको छ । दुई साताअघि २ सय ५ मा रुपैयाँ किलो पर्ने मासको दाल अहिले अहिले भने २ सयमै किन्न पाइन्छ । उता, मुसुरो दालको भाउ पनि ओरालो लागेको छ । बजारमा मुसुरो दाल १ नम्बर र २ नम्बर गरी दुई थरीको पाइन्छ ।

दुई साताअघि १ नम्बर मुसुरो दाल एक किलो किन्न १ सय ७० रुपैयाँ तिर्नुपर्थ्यो भने २ नम्बरलाई १ सय ६० रुपैयाँ । तर, अहिले उपभोक्तालाई थारै भए पनि राहत भएको छ । १ नम्बर मुसुरो किलोको १ सय ६५ र १ नम्रको १ सय ५० रुपैयाँ तिरे पुग्छ । त्यस्तै गेडा मुगी, छाटा मुगी र चना दालको भाउ चाहिँ यथावत छ । हाल गेडा मुगी १ सय ७० रुपैयाँ तथा छाटा मुगी र चना दाल १ सय ८० रुपैयाँ किलोमा पाइन्छ ।

नेपालमा दाल उत्पादन परिमाण सामान्य हुने गर्छ । त्यही भएर दक्षिणी छिमेकी भारत लगायत देशबाट नेपालले दाल आयात गर्दै आएको छ । ६ मंसिर २०८१ मा बसेको मन्त्रिपरिषद् बैठकले दाल तथा गेडागुडी आयातमा लाग्दै आएको १० प्रतिशत अग्रिम कर घटाएर २.५ प्रतिशत कायम गर्ने निर्णय गरेको थियो । सरकारले अग्रिम कर घटाएसँगै दाल तथा गेडागुडीको मूल्य ७.५ प्रतिशतले घटेको हो ।

सरकारले अग्रिम कर घटाएपछि दाल र गेडागुडीको भाउ दुई महिना अवधिमा प्रतिकिलो ३० देखि ५० रुपैयाँसम्म घटेको नेपाल चामल, तेल, दाल उद्योग संघका उपाध्यक्ष राहुल अग्रवाल बताउँछन् । उनका अनुसार पुस र माघ महिनामा गरी मुसुरोको दालमा ८ देखि १० रुपैयाँ घटेको छ । यस्तै मासको दालमा २५ रुपैयाँ र रहर दालमा ५० रुपैयाँ घटेको छ ।

**चाडबाड सकिएपछि भाउ ओरालो**

नेपाल खाद्य किराना तथा थोक व्यवसायी संघ अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठ चाडपर्व सकिएपछि दाल तथा गेडागुडीको मूल्य क्रमशः घट्दो क्रममा रहेको बताउँछन् । 'यतिबेला महँगी छ भनेर पीर मानिरहनु परेको छैन,' अध्यक्ष श्रेष्ठले भने, 'भान्सामा प्रयोग हुने धेरै खाद्यान्नको मूल्य अहिले घटेको छ, यो हाम्रा लागि खुसीको कुरा हो ।' उनका अनुसार यतिबेला भारतीय बजारमा नै दाल तथा गेडागुडीको भाउ घटेको छ । सरकारले दालजन्य खाद्यान्नमा लगाएको अग्रिम कर घटाएसँगै मूल्य पनि घट्दै गएको हो ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा दाल तथा गेडागुडी आयातमा १० प्रतिशत अग्रिम कर लगाएपछि उपभोक्ता दोब्बर मूल्य तिर्न बाध्य भएका थिए । तर, ६ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले दाल तथा गेडागुडी आयातमा लाग्दै आएको १० प्रतिशत अग्रिम कर घटाएर २.५ प्रतिशत कायम गरेपछि उपभोक्तालाई थप सहज भएको हो । 'दुई महिनादेखि लगातार दाल तथा गेडागुडीको भाउ घटेको खबरले उपभोक्ताहरू खुसी त हुने नै भए,' उपभोक्ता अधिकारकर्मी ज्योति बानियाँ भन्छन्, 'धेरै समयको अन्तरालमा बजार भाउ घटेको सुन्न पाउँदा हामी पनि हर्षित छौं ।'

काठमाडौं बुद्धनगरस्थित भट्टराई किराना स्टोरका सञ्चालक रामप्रसाद भट्टराई दाल र गेडागुडीको भाउ केही घटेको भए पनि व्यापार भने खासै नभएको बताउँछन् । 'गेडागुडी र दाल पनि दुई थरीका छन्, त्यसै अनुसार यसको भाउ निर्धारण हुन्छ,' उनले संचारकर्मीसँग भने । उनका अनुसार दाल र गेडागुडीमा २० देखि ३० रुपैयाँसम्म मात्रै भाउ घटेको छ । अहिले दुई प्रकारको मुसुरोको दाल छ । १ नम्बर मसुरोको दालको भाउ किलोको १ सय ४० रुपैयाँ छ र २ नम्बर मुसुरोको दाल किलोको १ सय ५० रुपैयाँमा बिक्री भइरहेको छ ।

त्यस्तै मासको दाल किलोको २ सय ३० देखि २ सय ५० रुपैयाँमा बिक्री भइरहेको उनले बताए । उनका अनुसार चना किलोको १ सय ४० देखि १ यस ४५ रुपैयाँ, केराउ १ सय ५० र राजमा २ सय ५० देखि ३ सय रुपैयाँसम्म बिक्री गरिरहेको उनी बताउँछन् । खुद्रा व्यापार संघको तथ्यांकमा गत आव जेठ पहिलो साता तीन प्रकारका केराउको भाउ किलोको १ सय ४० देखि २ सय २५ रुपैयाँसम्म रहेको उल्लेख छ ।

त्यस्तै साउन पहिलो साता आइपुग्दा केराउको मूल्य किलोको १ सय ६५ देखि २ सय १० रुपैयाँसम्म पुगेको थियो । उता, चनाको भाउ गत जेठमा प्रतिकिलो १ सय २५ रुपैयाँ थियो भने साउनमा बढेर १ सय ६० रुपैयाँ पुगेको थियो । राजमाको भाउ जेठमा किलोको २ सय ३० रुपैयाँ हुँदा साउनमा बढेर २ सय ६० पुगेको तथ्यांकमा उल्लेख छ । गत आव २०८०/८१ जेठ पहिलो साता रहर दाल किलोको २ सय ३० रुपैयाँमा बिक्री भएको थियो भने चालु आर्थिक वर्ष साउन पहिलो साता एकैचोटि ३ सय २० रुपैयाँ पुगेको थियो । दुई महिनामै रहर दालको भाउमा ९० रुपैयाँले भारी वृद्धि भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# खेलकुद मन्त्री महर्जनले गरे युनिक बक्सिङ भवनको शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौडा उपमहानगरपालिका वडा नं. १४ मा युनिक बक्सिङ क्लब भवनको शिलान्यास गरिएको छ ।

बागमती प्रदेशका युवा तथा खेलकूदमन्त्री मीनकृष्ण महर्जनले बुधबार एक कार्यक्रमबीच बक्सिङ भवनको शिलान्यास गरेका हुन् । मन्त्री महर्जनले बागमती प्रदेशका १३ जिल्लामा रहेका पूर्वाधार र सम्पतीका विषयमा आफूले अध्ययन गरिरहेको बताएका छन् । उनले भने-'हामीले सबै जिल्लाका पूर्वाधार सम्पतीको खोजी गरीरहेका छौं र ती कस्तो अवस्थामा छन् ? त्यस्को जानकारी लिने काम सुरु गरेका छौं ।'

मन्त्री महर्जनले खेलाडीका लागि छात्राबास र मार्सल आर्टको सुविधासम्पन्न भवन निर्माणको योजना आफूले बनाएको बताएका छन् । गौरीटार रंगशालाभित्र निर्माण भएका पूर्वाधारको उचित उपयोग हुन नसकेको प्रति मन्त्री महर्जनले इगित गर्दै भने-'यहाँका खेल पूर्वाधार मनोमानी ढङ्गले चलेका छन् भन्ने मैले सुनेको छु, यो खेलाडी उत्पादन गर्ने ठाउँ हो न कि धनीव्यक्तिले भुँडी घटाउने ठाउँ ।'

विगतमा सामाजिक विकास मन्त्रालयभित्र खेलकूद रहेपनि अहिले खेलकूद मन्त्रालय छुट्टै भएकाले खेल क्षेत्रलाई व्यवस्थित विकासका लागि काम गर्ने मन्त्री महर्जनले प्रतिवद्धता व्यक्त गरेका छन् । उनले खेलकुदसँगै यूवा स्वरोजगार कार्यक्रमलाई समेत व्यवस्थित रुपमा अघि बढाउने बताए । उनले जिल्लाजिल्लामा रहेका खेलकुदका भौतिक सम्पतीलाई खेलाडी र यूवाको उपयोगमा ल्याउने गरी योजना अघि सारिएको बताए ।

हेटौंडा उपमहानगर पालिकाको २५ लाख लागतमा युनिक बक्सिङ क्लबको भवन आगामी तीन महिनाभित्रमा निर्माण गरिसक्ने प्रदेश खेलकूद परिषद्का सदस्यसचिव दीपक लामाले बताएका छन् । उनले भने-'खेलकूद परिषद्को युनिक बक्सिङ क्लब भवनको आज शिलान्यास हुनु हाम्रा लागि खु:शीको दिन हो ।'

# २१ हजार ८ सय बाख्रामा लगाइयो पिपिआर खोप

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ मकवानपुरको कैलाश गाउँपालिकामा २१ हजार ८ सय ३० वटा बाख्रामा पिपीआर खोप लगाइएको छ ।

बागमती प्रदेश सरकारले तय गरेको खोप अभियानमा पशुसेवा कार्यालयबाट प्राप्त भएको २२ हजार डोज पिपीआर खोपमध्ये २१ हजार ८३० डोज खोप लगाइएको गाउँपालिका पशुस्वास्थ्य प्राविधिक सन्दीप कुशवाहाले बताए ।

प्राप्त डोजअनुरुप भ्याम्सिनेटरमार्फत वडाका विभिन्न स्थान र घरदैलोमै पुगेर खोप सञ्चालन गरिएको उनले बताए । गत माघ २४ गतेदेखि सुरु भएको खोप अभियानमा सबैभन्दा बढी वडा नम्बर ९ मा तीन हजार ७२० बाख्रामा खोप लगाइएको कुशवाहाले बताए ।



भ्याम्सिनेटरले वडा नम्बर १ मा आठ सय, वडा २ मा एक हजार २४९, वडा ३ मा तीन हजार ६८, वडा ४ मा तीन हजार २८९ बाख्रामा खोप लगाएको छ । त्यस्तै, वडा ५ मा दुई हजार, वडा ६ मा पाँच सय, वडा ७ मा दुई हजार ६६, वडा ८ मा एक हजार ७२० र वडा १० मा तीन हजार ३४८ बाख्रामा खोप लगाइएको कुशवाहाले बताए । भ्याम्सिनेटरले कृषक समूह, सहकारी तथा व्यक्तिगत फर्मका साथै घरदैलोमै पुगेर खोप अभियान सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ ।

पशुपालनतर्फ बाख्रा पाल्ने कृषकको संख्या बढ्नुका साथै भेडा/बाख्रामा लाग्ने पिपीआर रोगको नियन्त्रण र रोकथामका प्रदेश सरकारको निर्देशनअनुरुप कार्यान्वयनमा खोप अभियान सञ्चालन गरिएको कृषि तथा पशुविकास शाखाप्रमुख राहुल सेन्चुरीले बताए ।

# सालनाल सहित नवजातशिशुको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ मकवानपुरको मनहरीमा मंगलबार साँझ सालनाल सहित नवजातशिशुको शव फेला परेको छ । मनहरी गाउँपालिका वडा नम्बर ७ स्थित डम्पिङसाइडमा शिशुको शव फेला परेको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरीनिरीक्षक विशाल सापकोटाले बताए ।

हामीलाई मृतअवस्थामा रहेको शिशुको शव छ भन्ने खबर भएअनुरुप उक्त स्थानमा पुग्दा नवजात बालिकाको शव भेटियो, सापकोटाले भने । शव कसले फालेको हो भन्ने बारे खुलेको छैन, शिशुको सालनालसहित रहेकाले थप अनुसन्धान गरिने सापकोटाले जानकारी दिएका छन् । मृतशिशुको अवस्था हेर्दा अन्दाजी एक/दुई दिन अघिमात्रै फालेको हुनसक्ने जस्तो देखिएको उनले बताए ।

गतवर्ष चैत्रमा पनि मनहरी-७ रमौली बांगेटोलस्थित मनहरी खोलाको छेउमा सालनाल सहित नवजातशिशुको (छोरा) शव फेला परेको थियो ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
| --- | --- | --- |
| बिहान : ७:३० बजे | बिहानः ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशनः कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


# भुक्तानी व्यवस्थामा राष्ट्र बैंकले गर्‍यो नीतिगत संशोधन

काठमाडौं, २१ फागुन/ नेपाल राष्ट्र बैंकले भुक्तानी प्रणाली सम्बन्धी थप एकीकृत निर्देशन जारी गरेको छ । जसअनुसार भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाले अब व्यक्तिको एउटा खाताबाट एकै प्रकृतिको डेबिट, क्रेडिट वा प्रिपेड कार्ड एकभन्दा बढी जारी गर्न नपाइने भएको छ ।

त्यस्तै ग्राहकले मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङ प्रणाली सञ्चालन वा कारोबार गर्दा 'भीपीएन' प्रयोग गरे नगरेको पहिचान गरी आधिकारिक भीपीएन प्रयोग नभएमा एपमा लगइन गर्न नमिल्ने व्यवस्था संस्थाहरुले मिलाउनुपर्ने छ । भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाले भुक्तानी सम्बन्धी कार्यका लागि प्रयोग हुने विभिन्न प्रणालीको अब नियमित रुपमा डीसी डीआर ड्रिल गर्नुपर्नेछ ।

विद्युतीय वालेटमार्फत हुने कारोबारको अधिकतम सीमाहरु भने यथावत राखिएको छ । बैंक खाताबाट वालेटमा प्रतिदिन २ लाख प्रतिमहिना १० लाख, वालेटबाट बैंक खातामा (क्युआरसहित) दैनिक २ लाख, प्रतिमहिना १० लाख तथा एक वालेटबाट अर्को वालेटमा दैनिक ५० हजार र प्रतिमहिना ५ लाखको सीमा कायम छ । यद्यपि सरकारी कार्यालयमा हुने भुक्तानीमा भने सीमा लागू हुँदैन ।

यूएसएसडी प्रणालीमा आधारित भुक्तानी कारोबारको अधिकतम सीमा दैनिक १० हजार रुपैयाँ र प्रतिकारोबार ५ हजार हुनुपर्ने व्यवस्था गरिएको छ । यो नयाँ व्यवस्था हो । ग्राहकलाई विद्युतीय कार्ड जारी गर्दा आवेदन फारमसँगै कार्ड जारी गर्दा र कारोबार गर्दा लाग्ने शुल्क, कारोबारको सीमा, कार्डको प्रयोग गर्दा लाग्ने ब्याजदर, कार्डबाट प्राप्त हुने अन्य सुविधाहरू लगायतका विषय समेटिएको सूचनामूलक सामाग्री प्रदान गर्नुपर्ने छ ।

भुक्तानी प्रणाली सञ्चालक संस्था अनिवार्यरुपमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हुनुपर्ने छ । यो निर्देशन जारी हुनु अघि भुक्तानी प्रणाली सञ्चालकको रुपमा कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था २०८५ असार मसान्तभित्र पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई सक्नुपर्ने व्यवस्था गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# स्वास्थ्य सचिवमा डा. विकास देवकोटालाई नियुक्त गर्ने सरकारको निर्णय

काठमाडौं, २१ फागुन/ सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिवमा डा. विकास देवकोटालाई नियुक्त गर्ने निर्णय गरेको छ । बुधबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले देवकोटालाई स्वास्थ्य सचिव बनाउने निर्णय गरेको एक मन्त्रीले संचारकर्मीलाई जानकारी दिए ।

देवकोटा हाल स्वास्थ्य सेवा विभागका महानिर्देशकको जिम्मेवारीमा छन् । २०५३ सालदेखि स्वास्थ्य सेवामा प्रवेश गरेको डा. देवकोटाले मेडिकल अधिकृतदेखि जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, अञ्चल अस्पताल, मन्त्रालयको महत्त्वपूर्ण महाशाखा प्रमुख, लुम्बिनी प्रदेश सचिवको जिम्मेवारी सम्हालेका छन् ।

लोक सेवा आयोगका अध्यक्षको नेतृत्वमा रहेको सिफारिस समितिले सचिवका लागि डा देवकोटासहित स्वास्थ्य मन्त्रालयमा १२औं तहमा रहेका डा संगिता मिश्र र डा टंक बाराकोटीको नाम सिफारिस गरेको थियो ।

# त्रिवि कीर्तिपुरले सार्वजनिक गर्‍यो मतदाता सूची

## इलेक्ट्रोनिक मेसिनबाट मतदान

काठमाडौं, २१ फागुन/ त्रिवि, विश्वविद्यालय क्याम्पसले आगामी ५ चैतमा हुने स्वतन्त्र विद्यार्थी युनियन चुनावका लागि हुने मतदाताको सूची सार्वजनिक गरेको छ ।

जसमा ५ हजार ९ सय ६५ जना मतदाता रहेको स्ववियु निर्वाचन समितिका संयोजक प्राडा कृष्णप्रसाद न्यौपानेले जानकारी दिए । यो मतदाता संख्याकाले त्रिविको स्ववियु नयाँ नेतृत्व चयन गर्ने छ । विश्वविद्यालय क्याम्पसमा ३३ वटा केन्द्रीय विभाग, ४ वटा विभाग र ८ वटा विशेष अध्ययनका विद्यार्थीले मतदान गर्ने छन् ।



'सबै विधा गरेर ४५ वटा विभागका विद्यार्थी सहभागी हुन्छन्,' विश्वविद्यालय क्याम्पसका प्रिन्सिपल प्राडा अक्कलदेव मिश्रले भने । चुनावका लागि १९ फागुनमा संघ, संगठन र समूहको दर्ता भइसकेको छ । २२ वटाले दर्ता गरेकोमा नेविसंघको बागी समूहले फिर्ता लिएपछि २१ वटा संघ संगठन स्ववियु चुनावमा सहभागी हुने छन् । अब २५ फागुनसम्म मतदाताको दाबी विरोधको समय तोकिएको छ । सोही दिन नै अन्तिम नामवली सार्वजनिक गरिने मिश्रले बताए ।

२६ फागुनमा उम्मेदवारका लागि मनोनयनपत्र वितरण गरिने प्रिन्सिपल मिश्रले बताए । 'प्रत्यक्ष र समानुपातिक दुवै तर्फको उम्मेदवारको मनोनयन पत्र नामावली दाखिला गर्ने समय २७ फागुनका लागि तोकेका छौं । सोही दिन नै दुवै तर्फको उम्मेदवारको नामावली प्रकाशित हुन्छ,' उनले भने ।

दुवै तर्फको उम्मेदवारको नामावली उपर दाबी विरोध गर्ने २८ फागुनका लागि तोकिएको छ । सोही दिन नै दुवै तर्फको दाबी विरोध उपर छानबिन गरी उम्मेदवारको नामावली प्रकाशित गरिने उनले बताए । 'दुवै तर्फको उम्मेदवारको नाम फिर्ता लिने अन्तिम समय २९ फागुन तोकिएको छ । दुवै तर्फको उम्मेदवारको अन्तिम नामावली २९ फागुनमा सार्वजनिक हुन्छ,' उनले भने ।

**प्रत्यक्ष र समानुपातिक चुनावबाट नेतृत्व चयन**

स्ववियुमा २१ सदस्यका लागि २७ फागुनमा उम्मेदवारको मनोनयन हुनेछ । जसमा ११ जना प्रत्यक्ष र १० जना समानुपातिकबाट निर्वाचित हुनेछन् । प्रिन्सिपल मिश्रका अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्ष प्रत्यक्ष निर्वाचित हुन्छन् । उपाध्यक्ष र उपसचिव २१ जना सदस्य निर्वाचित भएपछि त्यसबाट चयन गरिनेछ ।

'कुनै संघ संगठनको बहुमत आयो भने उपाध्यक्ष र उपसचिव उसैकोबाट चयन हुन्छ । यदि बहुमत आएन भने सहमतिबाट पनि चयन हुन सक्छ । सहमति भएन भने २१ जनाको भोटिङबाट उपाध्यक्ष र उपसचिव चयन गरिन्छ,' प्रिन्सिपन मिश्रले भने ।

**इलेक्ट्रोनिक भोटिङ मेसिनबाट मतदान**

विश्वविद्यालय क्याम्पसमा इलेक्ट्रोनिक भोटिङ मेसिनबाट मतदान गरिने भएको छ । 'भोटिङका लागि २० वटा मेसिन राख्छौं । दुईवटा मेसिन नमुनाका लागि प्रयोग गर्छौं,' प्रिन्सिपल मिश्रले भने । स्ववियुको चुनाव नजिकिएसँगै तयारीलाई तीव्रता दिइएको मिश्रले बताए ।

'११ सदस्यीय निर्वाचन समिति र ७ सदस्य निर्वाचन आचार संहिता अनुगमन समिति बनाएर चुनावलाई तीव्रता दिएका छौं,' उनले भने । स्ववियु चुनावलाई शान्तिपूर्ण र भयरहित बनाउन सुरक्षाको प्रबन्ध पनि मिलाइएको उनले बताए ।

'केन्द्रीय सुरक्षा योजना अनुसार सरक्षाको प्रबन्ध गरिएको छ । शान्तिपूर्ण चुनाव हुन्छ । हुलहुज्जत नगरी मतदान चुनाव हुने विश्वास छ,' उनले भने । ५ चैतमा बिहान ८ बजेदेखि दिनको ४ बजेसम्म मतदान हुने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना